## अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

कुनै क्षेत्र विशेषमा प्रयोग हुने र विशिष्ट प्रकारको अर्थ ग्रहण गर्ने शब्दलाई पारिभाषिक शब्दावली भनिन्छ । सामान्य प्रकृतिका भन्दा जटिल प्रकृतिका शब्दावली बुझ्नका लागि स्पष्ट परिभाषा वा प्रयोग सन्दर्भ प्रस्तुत गर्नुपर्ने हुन्छ । परिभाषा दिएर अर्थ स्पष्ट पार्ने भएकाले नै यस्ता शब्दलाई पारिभाषिक शब्दावली भनिएको हो । पारिभाषिक शब्दहरू विभिन्न विषय र ज्ञानविज्ञानका क्षेत्रसँग सम्बद्ध भएर आउने हुँदा उक्त प्रयोग सन्दर्भ र विषयक्षेत्रमा मात्र विशिष्ट हुने हुँदा यिनको परिभाषा नगरी अर्थ बुझिँदैन । प्रविधिको क्षेत्रमा पनि पारिभाषिक शब्द हुने र पारिभाषिक शब्दावली पनि प्राविधिक स्वभावका बन्ने भएकाले यिनको अर्थमा अन्तर्मिश्रण भने पाइन्छ । पारिभाषिक वा प्राविधिक शब्द व्युत्पत्तिगत र अर्थगत रूपमा भिन्नता भएपनि नेपाली भाषामा समानार्थी शब्दका रूपमा प्रयोग भएका छन् ।

सामान्य शब्दका तुलनामा लक्षणामूलक हुने, कुनै सिद्धान्त वा मान्यताको प्रतिनिधित्व हुने, प्रतीत हुने र विशिष्टता तथा प्राविधिकता अँगाल्नु पारिभाषिक शब्दावलीका मुख्य विशेषता हुन् । कुनै सिद्धान्त वा मान्यताको प्रतिनिधित्व हुने अर्थ ग्रहण गर्नुका साथै विशिष्टता तथा प्राविधिकता समेत यसका लक्षण हुन् । साङ्केतिक रूपले विशेष अर्थ बुझाउने, प्राविधिक अर्थमा प्रयोग हुने, खास क्षेत्रमा चल्ने तथा विशिष्ट अर्थमा प्रयोग हुने र परिभाषा दिनुपर्ने खालका शब्द पारिभाषिक शब्द हुन् ( ने.बृ.श., २०७२ : ७६९) । सामान्य शब्दभन्दा अलग रहेर विशेष सन्दर्भमा विशिष्ट अर्थ द्योतन गर्न सक्ने विज्ञान प्रविधि तथा ज्ञानको विशेष क्षेत्रमा प्रयोग भई प्राविधिकता जनाउन सक्ने र स्पष्ट परिभाषा वा प्रयोग सन्दर्भ प्रस्तुत गरेर मात्र अर्थ स्पष्ट पार्न सकिने, अर्थगत स्पष्टता र सुनिश्चितता भएको, सरलता, सङ्क्षिप्तता र अर्थगत विशिष्टता जस्ता गुणले युक्त शब्द नै पारिभाषिक शब्द हो (धिताल, २०६८ : २४) ।

खास विषयक्षेत्रसँग सम्बन्धित हुने र क्षेत्रगत आधारमा अर्थ स्पष्टिने भएकाले खास विषयक्षेत्रका प्रयोक्ताहरूले पारिभाषिक शब्दावलीको ज्ञान लिएका हुन्छन् । स्वाभाविक रूपमा ज्ञानका कुनै दुई क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूबीच कतिपय पारिभाषिक शब्दहरूसँग बोधगम्यताको स्थिति नहुन पनि सक्छ । जस्तै : एउटा चिकित्सकले राजनीति क्षेत्रका शब्दहरूसँग परिचित नहुन सक्छ । यसर्थ विशिष्ट क्षेत्रसँग सम्बन्धित रहने परिभाषा दिएर मात्र स्पष्टिने शब्दहरू पारिभाषिक शब्दावली हुन् ।

## १.२ समस्याकथन

समस्याकथन भनेको अनुसन्धानका लागि छनोट गरिएको शीर्षकको औचित्य सिद्ध गर्नका लागि सम्बन्धित क्षेत्रका समस्याहरूको वर्णन गर्नु हो (दाहाल, २०७३ : २१८) । कुनै पनि विषयक्षेत्रमा प्रयोग हुने सबै शब्दावलीहरू पारिभाषिक हुँदैनन् । यसर्थ शिक्षा ऐन (संशोधनसहित) २०२८ मा समावेश भएका पारिभाषिक शब्दावलीहरू खोज्नु यस अध्ययनको प्रमुख शीर्षकीय समस्या रहेको छ । उक्त समस्याको प्राज्ञिक समाधानका लागि प्रस्तुत अध्ययनका निम्नलिखित समस्याहरू रहेका छन् :

(क) शिक्षा ऐन, २०२८ मा प्रयुक्त पारिभाषिक शब्दहरू के कस्ता छन् ?

(ख) छनोट गरिएका शब्दहरूलाई वर्णानुक्रममा मिलाएर राख्न सकिन्छ ?

(ग) प्रयुक्त पारिभाषिक शब्दले के कस्तो अर्थ र परिभाषा बोकेका छन् ?

## १.३ अध्ययनको उद्देश्य

समस्याकथनमा ल्याइएका मूल समस्या र शोधप्रश्नहरूको प्रामाणिक समाधान गर्नका निम्ति उद्देश्यको निर्धारण गर्नुपर्दछ । उद्देश्यलाई स्पष्ट गर्दा निष्कर्षलाई मनमा राख्नुपर्छ, अनुसन्धानको निष्कर्षका आधारमा सम्पन्न गरिने कार्यलाई होइन (बन्धु, २०५२ : १७) । यसर्थ अध्ययनको केन्द्रबिन्दुका रूपमा उद्देश्यले भूमिका खेलेको हुन्छ । प्रस्तुत शिक्षा ऐन, २०२८ मा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन गर्न निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) शिक्षा ऐन, २०२८ मा रहेका पारिभाषिक शब्दहरूको छनोट गर्नु,

(ख)  छनोटमा परेका शब्दहरूलाई वर्णानुक्रममा प्रस्तुत गर्नु,

(ग)  सङ्कलित शब्दहरूको अर्थ तथा परिभाषा प्रस्तुत गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपादेयता

अनुसन्धान कार्यमा सम्बन्धित क्षेत्र तथा शीर्षक किन छनोट गरिएको हो ? यसबाट को को लाभान्वित हुनेछन् र सम्बन्धित क्षेत्रमा देखिएका कुन कुन समस्याहरूको समाधान हुन सक्छ ? जस्ता प्रश्नको उत्तर अनुसन्धान प्रस्तावमा स्पष्ट हुनुपर्दछ । अध्ययनको उपयोगिता वा महत्त्वका नामले पनि चिनिन्छ । अतः यस अध्ययनको क्षेत्र शिक्षा रहेको हुँदा शिक्षासँग सरोकार राख्ने सम्बद्ध सरोकारवालाहरूलाई सहयोग पुग्नेछ ।

प्रस्तुत शीर्षकमा आजसम्म अध्ययन नभएको र चयनीय शीर्षक अनुसन्धेय रहेकाले यो शीर्षक नितान्त नौलो र नवीन हुनेछ । शिक्षासम्बन्धी मूल कानुनका रूपमा रहेको शिक्षा ऐन, २०२८ का बारेमा जान्न बुझ्न र त्यसको पालना गर्नु सम्बद्ध सरोकारवालाहरूको उत्तरदायित्व हुन आउँछ । यस सन्दर्भमा सम्बद्ध सरोकारवालाहरूको पहुँच र सरलताका निम्ति प्रस्तुत शिक्षा ऐनमा समावेश भएका पारिभाषिक शब्दावली अध्ययनले सहयोग गर्नेछ । प्रस्तुत पारिभाषिक शब्दावलीको अध्ययनले नेपाली भाषाको शब्दभण्डार विकास गर्दै लान तथा ऐनको ज्ञान सबै पाठकसमक्ष पुऱ्याउँदै त्यसको उचित अर्थ बुझी पालना गर्न यस शोधकार्यको औचित्य रहने छ ।

संसारका हरेक भाषामा आ–आफ्नै प्रकृतिका पारिभाषिक शब्दावली भएजस्तै नेपाली भाषा तथा शिक्षा क्षेत्रमा पनि छुट्टै किसिमका पारिभाषिक शब्दावली प्रचलित छन् । यसर्थ यस अध्ययनले नेपाली भाषा सिक्ने सिकाउने, विद्यार्थी वर्ग, शिक्षक वर्ग, लेखक, पाठक, शोधार्थी, पत्रकार/सञ्चारकर्मी, विश्लेषक, कानुनविद् तथा सामान्य नागरिकसमेत लाभान्वित हुने भएका कारण यस अध्ययनको औचित्य स्पष्टिन्छ ।

## १.५ शोधको परिसीमा

कुनै पनि विषयक्षेत्रको अध्ययनको दायरा व्यापक र विस्तृत हुने गर्दछ । त्यसमध्ये आफ्नो श्रम र समयको आधारमा निश्चित सीमाङ्कन गर्नुपर्दछ । शोधकार्यलाई निश्चित

लक्ष्यसम्म पुऱ्याउन अध्ययनको सीमाङ्कनले सहयोग पुग्दछ । अतः प्रस्तुत शोधकार्यलाई निम्नानुसारका सीमाङ्कन गरी अध्ययन विश्लेषण गरिएको छ :

(क) प्रस्तुत अध्ययन शिक्षा ऐन, २०२८ मा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन गर्नमा सीमित रहेको छ ।

(ख) प्रस्तुत अध्ययन शिक्षा ऐन, २०२८ मा प्रयुक्त पारिभाषिक शब्दावली सङ्कलन गर्नु तथा तिनको वर्णानुक्रमिक प्रस्तुतिका साथ अर्थ र परिभाषा प्रस्तुत गर्नमा सीमित रहेको छ ।

(ख) प्रस्तुत अध्ययनलाई शिक्षा ऐन, २०२८ को दफा १–२१ सम्ममा प्रयुक्त २७८ वटा पारिभाषिक शब्दावलीको अध्ययन र विश्लेषणमा मात्र केन्द्रित गरिएको छ ।

(घ) आवश्यकताअनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा भाषाविद्हरूको सल्लाह र सुझावलाई पनि उपयोग गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नानुसारको रूपरेखामा प्रस्तुत गरिएको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको अध्ययन र सैद्धान्तिक अवधारणा

अध्याय तीन : शोधविधि र प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री

व्यक्तिवृत्त

## अध्याय दुई

# पूर्वकार्यको अध्ययन र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषयमा यसअघि सम्पन्न गरिएका कार्यहरू (पुस्तक, पत्रपत्रिका, लेख, प्रतिवेदन) को व्यवस्थित अध्ययन गरी क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०७० : २०) । यसलाई पूर्वाध्ययन समीक्षा, पूर्व साहित्यको अवलोकन, पूर्व साहित्य समीक्षा पनि भनिन्छ । अनुसन्धानकर्तालाई आफ्नो गन्तव्य पहिचान गरी उपलब्धिमूलक अनुसन्धान गर्न सरल र सहज हुन्छ । यस कार्यले आफ्नो शोधलाई अत्यन्त नवीन, विश्वसनीय र वैधता प्रदान गर्ने हुन्छ । अनुसन्धानमा पूर्वकार्यको समीक्षा आरम्भदेखि अन्तिमसम्म निरन्तर गरिरहनु पर्ने हुँदा आफ्नो अनुसन्धानसँग के कस्ता उपलब्धिहरू भए र के कस्तो अध्ययन गर्न बाँकी छ भनी समीक्षात्मक टिप्पणी गरिन्छ ।

पारिभाषिक शब्दसम्बन्धी भएका पूर्वकार्यलाई नियाल्दा शिक्षा ऐन जस्तो महत्त्वपूर्ण क्षेत्रमा पारिभाषिक शब्दावलीसम्बन्धी अध्ययन हालसम्म भएको पाइँदैन । यसर्थ यो अध्ययन नवीन ठहऱ्याई यस सम्बद्ध पुस्तक था शोधकार्यहरूलाई पूर्वकार्यका रूपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

### २.१.१ पुस्तकसम्बद्ध पुनरावलोकन

पौडेल (२०५७) द्वारा *वेदान्तका केही पारिभाषिक शब्दहरू* नामक ग्रन्थ प्रकाशित गरिएको छ । जसमा वेदान्तमा प्रयोग हुने प्रमुख पारिभाषिक शब्दहरू समावेश गरी शब्दकोशीय ढाँचामा प्रस्तुत गरी लक्षण र व्याख्या गरिएको छ । लेखकको यस कार्यले पारिभाषिक शब्दकोशको निर्माणमा क्रियाशील र वेदान्तसम्बन्धी अध्येताहरूलाई सहयोग पुग्नेछ ।

लम्साल (२०५७) द्वारा *कोशविज्ञान र नेपाली कोश* नामक पुस्तक प्रकाशित गरिएको पाइन्छ । उक्त पुस्तकको परिशिष्ट खण्डमा ४७ वटा पारिभाषिक शब्दहरू समावेश गरिएको छ । समाविष्ट शब्दहरूलाई वर्णानुक्रममा राखी त्यसको समानक

अङ्ग्रेजी रूपसमेत प्रस्तुत गरेका छन् । लेखकको यस कार्यले विविध किसिमका कोश निर्माण गर्ने सैद्धान्तिक ज्ञान र पारिभाषिक शब्दकोश निर्माणसम्बन्धी जानकारी प्राप्त हुने अपेक्षा गरिएको छ ।

भुसाल (२०६६) द्वारा *पारिभाषिक शब्दकोश* नामक कोश प्रकाशन गरिएको छ । जम्माजम्मी ५८ पृष्ठको उक्त कोशमा भाषा शिक्षणका क्षेत्रमा प्रचलित पारिभाषिक शब्दहरूको अर्थ र परिभाषा प्रस्तुत गरिएको छ । लेखकको यस कार्यले भाषा शिक्षणमा संलग्न शिक्षक तथा विद्यार्थीलाई सहयोग पुग्ने देखिन्छ । यस पुस्तकबाट प्रस्तुत शोधकार्यमा पारिभाषिक कोशसम्बन्धी ज्ञानको अपेक्षा राखिएको छ ।

बन्धु (२०७०) द्वारा *अनुसन्धान तथा प्रतिवेदन लेखन* नामक पुस्तक प्रकाशन गरिएको पाइन्छ । उक्त पुस्तकको परिशिष्ट खण्डमा नेपाली–अङ्ग्रेजी पारिभाषिक प्राविधिक शब्दावली शीर्षकमा अनुसन्धानका क्षेत्रमा प्रचलित १७६ वटा पारिभाषिक शब्दावली सङ्कलन गरिएको पाइन्छ । सङ्कलित शब्दावलीहरूलाई निश्चित वर्णानुक्रममा राखी अङ्ग्रेजी रूपान्तरण समेत प्रस्तुत गरिएको छ । लेखकको यस कार्यले स्वयम् शोधार्थीलाई पर्याप्त सैद्धान्तिक आधार प्राप्त हुनुका साथै नयाँ तथ्य र सूचनाहरू उपलब्ध हुने अपेक्षा गरिएको छ ।

लामिछाने (२०७०) द्वारा *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* नामक पुस्तक प्रकाशन गरिएको छ । उक्त पुस्तकको एकाइ चारमा कोशविज्ञानको परिचय शीर्षकमा कोश निर्माणसम्बन्धी सामग्री सङ्कलन प्रक्रिया, सम्पादन प्रक्रिया, स्वरूप र कोशको परम्परा जस्ता कुराहरूले शोधार्थीलाई सामग्री सङ्कलनदेखि प्रविष्टिसम्मका सैद्धान्तिक ज्ञान प्राप्त भएको छ । त्यसैगरी एकाइ छ व्यतिरेकी विश्लेषण शीर्षकमा व्यतिरेकी विश्लेषण प्रक्रिया उपशीर्षकभित्र सामग्री सङ्कलन, सामग्रीको सत्यापन, सामग्रीको बोध, विश्लेषणजस्ता कुराको अध्ययनले त्यससम्बन्धी सैद्धान्तिक ज्ञानको विकास भएको छ ।

शर्मा (२०७१) द्वारा *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण* नामक पुस्तक प्रकाशित गरिएको छ । उक्त पुस्तकका अन्तमा परिशिष्ट दिई पारिभाषिक शब्दहरू शीर्षकमा व्याकरणका क्षेत्रमा प्रयुक्त पारिभाषिक शब्दहरू सङ्कलन गरेको पाइन्छ । लेखकले सङ्कलित ६५४ शब्दहरूलाई वर्णानुक्रममा राखी तिनको अङ्ग्रेजी रूपान्तरण समेत

प्रस्तुत गरेका छन् । लेखकको यस कार्यबाट नेपाली व्याकरण क्षेत्रमा अध्ययन गर्ने गराउने व्यक्ति लाभान्वित हुने देखिन्छ । अध्येता स्वयम्लाई यस अध्ययनमा व्याकरणसम्बन्धी नियमहरू उपलब्ध हुने अपेक्षा गरिएको छ ।

### २.१.२ शोधसम्बद्ध पुनरावलोकन

सापकोटा (२०६४) द्वारा 'प्रवीणता प्रमाणपत्र तहको अनिवार्य नेपालीको पाठ्यक्रम र पाठ्यपुस्तकमा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन' शीर्षकमा शोधकार्य तयार पारिएको छ । स्नातकोत्तर तहको उक्त शोधमा व्याकरण खण्डका १९ र बोध तथा अभिव्यक्ति खण्डका ४१ गरी जम्मा २३० वटा पारिभाषिक शब्दहरू सङ्कलन गरिएका छन् । अध्येताले सङ्कलित शब्दावलीलाई वर्णानुक्रममा राखेर तिनको अर्थ र परिभाषा समेत दिएका छन् । कतिपय शब्दहरू पाठ्यपुस्तकभित्र नरहेका, केही शब्दहरू लामा र केही छोटा रहेका जस्ता निष्कर्षसहित पाठ्यसामग्रीमा प्रयुक्त पारिभाषिक शब्दावलीसम्बन्धी कमजोरीहरू औंल्याउँदै सुधारका लागि सुझावसमेत प्रस्तुत गरेका छन् । यस कार्यले प्रस्तुत अध्ययनमा सङ्कलित पारिभाषिक शब्दहरूलाई छुट्याउने आधारसम्बन्धी ज्ञानको अपेक्षा गरिएको छ ।

भुसाल (२०६५) द्वारा 'भाषा शिक्षणका क्षेत्रमा प्रचलित पारिभाषिक शब्दावलीको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । भाषा शिक्षणका क्षेत्रमा प्रचलित पारिभाषिक शब्दावलीको सङ्कलन गर्नु, सङ्कलित शब्दहरूलाई वर्णानुक्रममा राख्नु तथा तिनको अर्थ र परिभाषा प्रस्तुत गर्नुजस्ता उद्देश्यहरू राखिएको उक्त शोधमा स्वर वर्णबाट प्रारम्भ भएका ७२ र व्यञ्जन वर्णबाट प्रारम्भ भएका २९८ गरी३७० शब्दहरू सङ्कलन गरिएको छ । शोधार्थीले भाषा शिक्षणसँग सम्बन्धित प्रमाणपत्र तहदेखि स्नातकोत्तर तहसम्मका प्रतिनिधि पाठ्यसामग्रीलाई आधार बनाई उक्त शब्दावलीहरू सङ्कलन गरेका छन् । सङ्कलित अधिकांश शब्दहरू तत्सम र तद्भव स्रोतबाट आएका कुरा उल्लेख गर्दै पाठ्यपुस्तकमा रहेका पारिभाषिक शब्दावलीसम्बन्धी कमी कमजोरी समेत औंल्याउँदै सुधारका निम्ति यस्ता क्षेत्रमा प्रयुक्त पारिभाषिक शब्दावली स्तरीय, संरचनात्मक उपयुक्तताले युक्त तथा सकेसम्म सटिक प्राविधिक प्रकृतिको हुनुपर्ने सुझावहरू प्रस्तुत

गरेका छन् । यस कार्यले भाषा शिक्षण कार्यमा लागेका शिक्षक तथा विद्यार्थीहरूलाई सहयोग पुऱ्याएको छ ।

धिताल (२०६८) द्वारा 'नेपाली दैनिक समाचारपत्रमा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन' शीर्षकको शोधकार्य सम्पन्न गरिएको छ । दैनिक समाचारपत्रमा प्रयुक्त पारिभाषिक शब्दावलीको सङ्कलन गर्नु, सङ्कलित शब्दलाई वर्णानुक्रममा राख्नु तथा तिनको अर्थ र परिभाषा प्रस्तुत गर्नुजस्ता उद्देश्यहरू राखी उक्त शोधमा स्वर वर्णबाट ५९ र व्यञ्जन वर्णबाट २४१ गरी ३०० वटा शब्दहरू सङ्कलन गरिएको छ । सङ्कलित शब्दहरू कतै शीर्षक, कतै सङ्कथनभित्र प्रयोग भएका तथा ती शब्द राजनैतिक, पर्यटकीय, सामाजिक तथा सांस्कृतिक, कानुन, अर्थ र वाणिज्य जस्ता क्षेत्रसँग सम्बन्धित रहेको निष्कर्ष निकालिएको छ । निष्कर्षपछि यस्ता शब्दको प्रयोगमा पत्रकार सचेत हुनुपर्ने, समाचारको भाषामा धेरै मात्रामा पारिभाषिक शब्दावली प्रयोग गर्न नहुने र गर्नै परे पनि प्रचलित पारिभाषिक शब्दावलीको मात्र प्रयोग गर्नुपर्ने जस्ता सुझावहरू प्रस्तुत गरेका छन् । यस कार्यले सञ्चार तथा पत्रकारिताका क्षेत्रमा सरोकारवालाहरूलाई सहयोग पुऱ्याएको छ ।

खड्का (२०७०) द्वारा 'नेपाली आख्यानका क्षेत्रमा प्रचलित पारिभाषिक शब्दावलीको अध्ययन' शीर्षकको शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधपत्रमा नेपाली आख्यानका क्षेत्रमा देखिएका पारिभाषिक शब्दावलीको सङ्कलन गर्नु, तिनलाई वर्णानुक्रममा राख्नु र तिनको अर्थ तथा परिभाषा प्रस्तुत गर्नुजस्ता उद्देश्यहरू राखिएको छ । पारिभाषिक शब्दावलीको प्रयोग कतै अनुच्छेदमा त कतै सङ्कथनमा भएको, नाटक, कथा, उपन्यास, निबन्ध र तिनका सिद्धान्त खण्डमा पारिभाषिक शब्दावलीको प्रयोग बढी भएको तथा एकाक्षरी र दुई अक्षरी पारिभाषिक शब्दावलीको प्रयोग भएको निष्कर्ष निकालिएको छ । यी निष्कर्षका आधारमा आख्यान जगत्मा यस्ता पारिभाषिक शब्दावलीको प्रयोग अधिक गर्नुपर्ने तर तिनको जटिलतामा ध्यान दिनुपर्ने, सरल प्रकृतिका शब्दावली बढी प्रयोग गर्नुपर्ने, नेपाली भाषाबाट सजिलै नबुझिने नयाँ पारिभाषिक शब्दको स्पष्टताका लागि अङ्ग्रेजी र अन्य भाषाको शब्दहरूको सहयोग लिनुपर्ने जस्ता

सुझाव दिइएको छ । यस कार्यले अध्ययनकर्ता स्वयम्लाई यस अध्ययनमा सहयोग पुगेको छ ।

राई (२०७१) द्वारा 'नेपालको अन्तरिम संविधान २०६३ मा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन' नामक शोधकार्य सम्पन्न गरिएको छ । संविधानमा प्रयुक्त पारिभाषिक शब्दहरूको सङ्कलन गर्नु, सङ्कलित शब्दलाई वर्णानुक्रममा प्रस्तुत गर्नु र सङ्कलित शब्दको अर्थ तथा परिभाषा प्रस्तुत गर्नुजस्ता उद्देश्यहरू राखी उक्त शब्दावलीलाई पदीय एकाइका आधारमा एकपदीय २१६ र बहुपदीय ८४ गरी ३०० वटा पारिभाषिक शब्दहरू सङ्कलन गरिएको छ । साथै स्रोत, अक्षर सङ्ख्या र शब्द वा पदवर्गका आधारमा पनि शब्दहरूको वर्गीकरण गरिएको छ । सङ्कलित शब्दहरूमा सबैभन्दा बढी कानुनी र त्यसपछि राजनीति क्षेत्रमा रहेका र क्रमशः अन्य क्षेत्रमा रहेको निष्कर्ष निकालिएको छ । संविधानमा प्रयुक्त शब्दावली सकेसम्म सर्बबोध्य किसिमले राख्नुपर्नेमा अधिकतम तत्सम तथा आगन्तुक शब्दको प्रयोगले संविधानलाई अबोध्य बनाएका निष्कर्ष निकालेका छन् । जसका लागि संविधान पारिभाषिक शब्दकोशको निर्माण गर्नुपर्ने सुझाव समेत प्रस्तुत गरेका छन् । यस कार्यले प्रस्तुत शोधमा त्यसको ढाँचाबारे ज्ञान हुने अपेक्षा राखिएको छ ।

जोशी (२०७३) द्वारा 'विविसी नेपाली सेवाको साप्ताहिक कार्यक्रम साझा सवालमा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधमा साझा सवालमा प्रयुक्त पारिभाषिक शब्दहरूको छनोट गर्नु, छनोटमा परेका शब्दहरूलाई वर्णानुक्रममा व्यवस्थित गरी विश्लेषण गर्नु र सन्दर्भगत अर्थ पहिल्याई उदाहरण प्रस्तुत गर्नुजस्ता उद्देश्यहरू राखिएको छ । उक्त अध्ययनमा जम्मा १९७ वटा पारिभाषिक शब्दावली सङ्कलन गरी स्रोत, व्युत्पादन, कार्य, प्रयोक्ता र क्षेत्रगत विशिष्टताका आधारमा विश्लेषण गरिएको छ । राजनीतिक क्षेत्रबाट सुरु भएको यो कार्यक्रम बहुआयामिक भएकाले तत्सम र आगन्तुक शब्दको अधिक प्रयोगले नेपाली भाषाको शब्दभण्डार विस्तार भएको निष्कर्ष निकालिएको छ । यस कार्यले सञ्चारको क्षेत्रमा कार्यरत पत्रकार, लेखक, साहित्यकार लगायत कोशकार र पाठकलाई सहयोग

पुग्ने देखिन्छ । साथै अध्ययनकर्ता स्वयम्लाई शोधविधि र अध्ययन प्रक्रियामा सहयोग पुगेको छ ।

नेपाली भाषामा पारिभाषिक शब्दावली सम्बन्धी कार्य टर्नबुल (सन् १८८७) बाट भएपनि व्यवस्थित अध्ययन भने धेरै पछि मात्र भएको पाइन्छ । वि.सं. २०२० पछि पारिभाषिक शब्दकोश निर्माण कार्य थालिए पनि नेपाल प्रज्ञा प्रतिष्ठानको पारिभाषिक तथा प्राविधिक शब्दावली निर्माण परियोजनाअन्तर्गत रहेर सम्पन्न भएको कोशविज्ञान कार्यशाला (२०४४) लाई पारिभाषिक शब्दकोशको निर्माण र विकासको महत्त्वपूर्ण खुड्किलो मानिन्छ (जोशी, २०७३ : १५) । त्यस यता यस क्षेत्रमा चासो बढ्न गई विद्वान् तथा लेखकहरूले आफ्ना ग्रन्थको परिशिष्ट खण्डमा सम्बन्धित विषयका पारिभाषिक शब्दहरू सङ्कलन कार्य बढ्दै गएको देखिन्छ । अनुसन्धानात्मक कार्यमा पनि थुप्रै विकास भएको पाइन्छ । यसकै उपलब्धि स्वरूप हाल त्रि.वि. शिक्षाशास्त्र सङ्काय र मानविकी तथा सामाजिकशास्त्र अन्तर्गत थुप्रै शोधकार्यहरू भएको पाइन्छ । पारिभाषिक शब्दावली सम्बन्धी हालसम्म भएका यस्ता अनुसन्धान हेर्दा शिक्षा ऐनमा पारिभाषिक शब्दावलीको अध्ययन नभएकाले यो अध्ययन गर्ने विचार आएको हो ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ पारिभाषिक शब्दावलीको परिचय र परिभाषा

कुनै क्षेत्र विशेषमा प्रयोग हुने र विशिष्ट प्रकारको अर्थ ग्रहण गर्ने शब्दलाई पारिभाषिक शब्दावली भनिन्छ । सामान्य प्रकृतिका भन्दा जटिल प्रकृतिका शब्दावली बुझ्नका लागि स्पष्ट परिभाषा वा प्रयोग सन्दर्भ प्रस्तुत गर्नुपर्ने हुन्छ । परिभाषा दिएर अर्थ स्पष्ट पार्ने भएकाले नै यस्ता शब्दलाई पारिभाषिक शब्दावली भनिएको हो । पारिभाषिक शब्दहरू विभिन्न विषय र ज्ञानविज्ञानका क्षेत्रसँग सम्बद्ध भएर आउने हुँदा उक्त प्रयोग सन्दर्भ र विषयक्षेत्रमा मात्र विशिष्ट हुने हुँदा यिनको परिभाषा नगरी अर्थ बुझिँदैन । प्रविधिको क्षेत्रमा पनि पारिभाषिक शब्द हुने र पारिभाषिक शब्दावली पनि प्राविधिक स्वभावका बन्ने भएकाले यिनको अर्थमा अन्तरमिश्रण भने पाइन्छ (पराजुली, २०५१) । पारिभाषिक वा प्राविधिक शब्द व्युत्पत्तिगत र अर्थगत रूपमा भिन्नता भएपनि नेपाली भाषामा समानार्थी शब्दका रूपमा प्रयोग भएका छन् । सामान्य शब्दका तुलनामा

लक्षणामूलक हुने, कुनै सिद्धान्त वा मान्यताको प्रतिनिधित्व हुने, प्रतीत हुने र विशिष्टता तथा प्राविधिकता अँगाल्नु पारिभाषिक शब्दावलीका मुख्य विशेषता हुन् । कुनै सिद्धान्त वा मान्यताको प्रतिनिधित्व हुने अर्थ ग्रहण गर्नुका साथै विशिष्टता तथा प्राविधिकता समेत यसका लक्षण हुन् ।

पारिभाषिक शब्दावलीलाई विभिन्न विद्वान् तथा कोशहरूले यसरी परिभाषित गरेका छन् :

साङ्केतिक रूपले विशेष अर्थ बुझाउने, प्राविधिक अर्थमा प्रयोग हुने, खास क्षेत्रमा चल्ने तथा विशिष्ट अर्थमा प्रयोग हुने र परिभाषा दिनुपर्ने खालका शब्द पारिभाषिक शब्द हुन् (ने.बृ.श., २०७२ : ७६९) ।

परिभाषा दिनुपर्ने, विशिष्ट क्षेत्रमा प्रचलित विशेष अर्थ बुझाउने, प्राविधिक शब्द पारिभाषिक शब्दावली हुन् (प्र.ने.श., २०६३ : ६१२) ।

विशिष्ट अर्थमा प्रयोग हुने शब्दहरूको सूचीलाई पारिभाषिक शब्दावली भनिन्छ ( राष्ट्रिय नेपाली शब्दकोश, २०६३) ।

Different use of terminology (Oxford Advanced Learners Dictionery, 2000)

लामिछाने र सुब्बा (२०५७) द्वारा ज्ञानविज्ञानका कुनै निश्चित क्षेत्रसँग सम्बन्धित रहेर सामान्यका तुलनामा विशिष्ट अर्थ बोल्न गर्ने भाषामा रहेका त्यस्ता शब्दलाई पारिभाषिक प्राविधिक शब्द भनिन्छ भनी परिभाषित गरेका छन् ।

पराजुली (२०५१) द्वारा कुनै खास प्रयोग क्षेत्रसँग सम्बन्धित भाषाद्वारा निश्चित अर्थबोध हुने शब्दलाई पारिभाषिक प्राविधिक शब्द भनिन्छ, भनी परिभाषित गरेका छन् ।

शर्मा (२०५३) द्वारा ज्ञान, विज्ञान, कला, व्यवसाय आदिका विशेष क्षेत्रमा विशिष्ट अर्थमा प्रयुक्त हुने शब्दलाई प्राविधिक शब्द भनिन्छ । यसैलाई पारिभाषिक शब्द पनि भनिन्छ भनी परिभाषित गरेका छन् ।

भुसाल (२०६५) द्वारा पारिभाषिक शब्दावलीको सैद्धान्तिक अवधारणामा निश्चित क्षेत्रको निश्चित अर्थमा प्रयुक्त शब्दहरूलाई पारिभाषिक शब्दावली भनिने र यस्ता

शब्दावलीमा सङ्क्षिप्तता, मितव्ययिता, विशिष्टता, लघुता, एकार्थकता जस्ता गुण रहने बताइएको छ ।


कुनै क्षेत्र विशेषमा प्रयोग हुने शब्द नै प्राविधिक/पारिभाषिक शब्दहरू हुन् । निश्चित क्षेत्र विशेषको निश्चित अर्थमा मात्र प्रयुक्त हुने शब्द पारिभाषिक शब्द हुन् । सामान्य शब्दलाई जस्तो अभिधार्थीकरण, पर्यायीकरण, विपर्यायीकरण आदि अर्थ प्रस्तुतिका तरिकाबाट अर्थमा स्पष्टता नआउने र क्षेत्र विशेष रूपमा उपस्थित हुने तथा सामान्य शब्दभन्दा जटिल प्रकृतिका देखिने यस्ता शब्दावलीको छुट्टै परिभाषा र प्रयोगसन्दर्भ नगरिकन अर्थमा स्पष्टता नआउने हुँदा यिनलाई पारिभाषिक शब्दावली भनिएको हो ।

### २.२.२ पारिभाषिक शब्दावलीको वर्गीकरण

ज्ञानविज्ञानका विभिन्न क्षेत्रहरूमा प्रयुक्त हुने विशिष्ट खालका शब्दावली हुन्छन्, जसको अर्थ स्पष्ट गर्नका लागि छुट्टै परिभाषाको खाँचो पर्दछ, तिनैलाई पारिभाषिक शब्दावली भनिन्छ । प्रविधि विशेषज्ञसँग सम्बन्धित हुने तथा परिभाषा दिएर मात्र अर्थ स्पष्ट पार्न सकिने जस्ता गुणहरू यी शब्दावलीहरूले ग्रहण गर्न सक्ने भएकाले नेपाली भाषामा पारिभाषिक र प्राविधिक शब्दावलीको समानार्थी रूपमा प्रयोग हुने गरेको पाइन्छ (राई, २०७१ : १७) । पारिभाषिक शब्दावली परिभाषा दिएर मात्र स्पष्ट हुन्छन् ।

भाषाको प्रयोजनपरक भेदअन्तर्गत पारिभाषिक शब्दावलीको अध्ययन गरिन्छ । प्रयोग क्षेत्रका आधारमा पारिभाषिक शब्दावलीहरूलाई शिक्षा, स्वास्थ्य, कानुन, व्यापार, आमसञ्चार, कृषि, चिकित्सा, प्रशासन, अर्थशास्त्र, साहित्य, राजनीति, खेलकुद, अनुसन्धान, समाजशास्त्र, कम्प्युटर, विज्ञान आदि क्षेत्रहरूमा वर्गीकरण गर्न सकिन्छ । त्यस्तै स्रोतका आधारमा मौलिक र आगन्तुक गरी दुई भेद गर्न सकिन्छ । मौलिक शब्दहरू तत्सम र तद्भव गरी दुई उपभेदमा बाँडिएको पाइन्छ भने आगन्तुक शब्दहरूलाई पनि स्वदेशी र विदेशी गरी दुई उपभेदमा विभाजन गर्न सकिन्छ । व्युत्पादनका आधारमा शब्दलाई मूल र व्युत्पन्न गरी दुई भेद गरिन्छ भने कार्यका आधारमा नाम, सर्वनाम, विशेषण, क्रिया र अव्यय गरी पाँच भेद गरिएको पाइन्छ ।

पारिभाषिक शब्दावलीको वर्गीकरणलाई निम्नानुसारको आरेखबाट स्पष्ट बुझ्न सकिछ :




*स्रोत : जोशी, (२०७३ : २७)*

## २.२.३ पारिभाषिक शब्दावलीका विशेषताहरू

कुनै पनि विषयक्षेत्रमा प्रयोग हुने सबै शब्दावलीहरू पारिभाषिक हुँदैनन् । पारिभाषिक हुनका लागि उक्त शब्दमा विशेष अभिलक्षण हुनु जरुरी हुन्छ । सामान्य शब्दभन्दा अलग रहेर विशेष सन्दर्भमा विशिष्ट अर्थ द्योतन गर्न सक्ने विज्ञान, प्रविधि तथा ज्ञानको विशेष क्षेत्रमा प्रयोग भई प्राविधिकता जनाउन सक्ने र स्पष्ट परिभाषा वा प्रयोग सन्दर्भ प्रस्तुत गरेर मात्र अर्थ स्पष्ट पार्न सकिने, अर्थगत स्पष्टता र सुनिश्चितता

भएको, सरलता, सङ्क्षिप्तता र अर्थगत विशिष्टता जस्ता गुणले युक्त शब्द नै पारिभाषिक शब्द हो (धिताल, २०६८ : २४) । यी शब्दहरू दैनिक व्यवहारभन्दा पनि विशेष सन्दर्भमा प्रयुक्त हुने भएकाले खास विषयक्षेत्रका प्रयोक्ताहरूले मात्र बुझ्ेका हुन्छन् । स्वाभाविक रूपमा ज्ञानका कुनै दुई क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूबीच कतिपय पारिभाषिक शब्दहरूसँग बोधगम्यताको स्थिति नहुन पनि सक्छ । जस्तै : एउटा इन्जिनियर राजनीति क्षेत्रका पारिभाषिक शब्दहरूसँग परिचित नहुन सक्छ ।

शर्मा (२०५३) द्वारा आफ्नो पाठ्यपुस्तक *शब्द रचना र वर्णविन्यास : वाक्यतत्त्व, अभिव्यक्ति र पाठहरू*मा पारिभाषिक शब्दावलीका विशेषताहरूलाई निम्नानुसार बुँदाबद्ध गरेका छन् :

(क) यो निश्चित सीमामा बाँधिएको हुछ । यसको तात्पर्य के हो भने एउटा क्षेत्रमा प्रचलित शब्दको प्रयोग प्रायः अर्को क्षेत्रमा गरिँदैन र गरिन्छ भने पनि बेग्लै अर्थमा ।

(ख) यसमा मितव्ययिता हुन्छ । धेरै शब्दमा व्यक्त हुने कुरालाई एक दुई शब्दमै भन्न सकिन्छ ।

(ग) यसमा स्पष्टता हुन्छ । प्राविधिक शब्दको अर्थ खास निश्चित र निर्धारित भएकाले अस्पष्टता हुँदैन । कुनै दुई पारिभाषिक शब्दको अर्थ समान नहुने भएकाले पनि स्पष्टता हुन्छ ।

(घ) यसले एउटै मात्र अर्थ बुझ्ाउँछ । प्राविधिक शब्दहरू अनेकार्थी हुँदैनन् । यस्ता शब्दको सामान्य अर्थ भएपनि त्यससँग पारिभाषिक रूपमा कुनै सम्बन्ध हुँदैन ।

(ङ) प्राविधिक शब्द प्रायः सापटी हुन्छन् । नेपालीमा प्रचलित अधिकांश प्राविधिक शब्द पनि कि सापटी शब्द कि तत्सम शब्दबाट निर्मित छन् ।

माथि प्रस्तुत परिचय, पृष्ठभूमि र विभिन्न विद्वान्हरूका परिभाषाबाट निष्कर्ष निकाल्दा पारिभाषिक शब्दावलीका विशेषताहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- पारिभाषिक शब्दहरू क्षेत्र विशेष रूपमा विशिष्टीकृत हुने गर्दछन् ।

- शब्द निर्माणमा सङ्क्षिप्तता र मितव्ययिता हुने गर्छ ।
- अर्थगत सुनिश्चितता हुने हुन्छ ।
- प्रयोग सन्दर्भगत परिभाषा हुने हुन्छ ।
- सामान्य जस्ता लाग्ने शब्दको पनि विशेष अर्थ निहित हुने,
- परिभाषाविना स्पष्टता नआउने,
- यसमा अन्तरव्यापिताको गुण विद्यमान रहने, जस्तै : रस (साहित्य), रस ( आयुर्वेद, रस (जनजीवन) आदि क्षेत्र विशेष अर्थमा सन्निहित हुने ।
- संरचनात्मक हिसाबमा एकपदीय र बहुपदीय हुने ।
- यी शब्दहरू अन्य भाषाबाट आयातित हुने र माउ भाषाबाट पनि निर्माण गरिने हुन्छन् ।
- एउटा शास्त्र/क्षेत्रमा सङ्कल्पना व्यक्त गर्न एउटा शब्द उपस्थित हुने,
- बहुप्रचलनमा आउनासाथ सामान्य शब्दजस्ता गुण निर्धारण गर्ने तर आफ्नो स्थान सुरक्षित राख्ने हुन्छन् आदि ।

### २.२.४ शिक्षा ऐनको पृष्ठभूमि र यसको भाषा

शिक्षासम्बन्धी कामकारबाहीका निम्ति सजिलो र नियमसङ्गत तरिकाले विश्वसनीय, वैध र एकरूपता कायम गर्न शिक्षा ऐनको आवश्यकता परेको हो । देशको शिक्षा प्रणालीलाई एउटै पद्धतिमा सञ्चालन गर्न र शिक्षाका प्रत्येक संरचना र संस्थाहरूलाई एउटा निश्चित मार्ग प्रदान गरी कानुनसम्मत र आधिकारिकता प्रदान गर्न यसको आवश्यकता परेको हो । शिक्षासँग सम्बद्ध सबै सरोकारवालाहरू र सम्बद्ध सबै संस्था तथा संस्थानहरूलाई देशको क्षमताले भ्याउने गरी आधुनिकता र नियमशासितता कायम गरी शिक्षा विकासको कार्यमा शिक्षा ऐनले प्रशस्त मार्गदर्शन गरेको पाइन्छ । समय सान्दर्भिक रूपमा ऐनको संशोधन, परिमार्जन हुँदै जानु पनि यसको अपेक्षा हो ।

शिक्षा ऐनमा प्रयोग हुने भाषा सकभर जनसाधारणका लागि पनि बुझ्न सक्ने बनाएमा उपयोगी हुन्छ तर सबै जनसाधारणले बुझ्ने भाषा मात्र प्रयोग गर्दै जाने हो भने

त्यो पनि भद्दा हुने हुन्छ । विधाका अन्य क्षेत्रहरू जस्तै शिक्षा पनि एउटा प्राविधिक क्षेत्र हो यसर्थ शिक्षा क्षेत्रमा पनि थुप्रै प्राविधिक र पारिभाषिक शब्दहरू स्वाभाविक रूपमा हुन्छन् नै । यस कुरालाई मध्यनजर गरी सकेसम्म शिक्षा ऐनमा भाषाको प्रयोगका निम्ति मूलतः शिक्षा र कानुनी क्षेत्रका पारिभाषिक प्रकृतिका शब्दहरूको चयन र प्रयोग गर्ने गरिन्छ । यसप्रकारका पारिभाषिक र प्राविधिक शब्दहरूको प्रयोगका कारण ऐनमा प्रयुक्त भाषा प्रायः जटिल प्रकृतिको हुने गर्दछ । यसप्रकारको जटिलताको शमन गर्न प्रस्तुत अध्ययन आवश्यक देखिएकाले यसको औचित्य पुष्टि हुन्छ ।

शिक्षासम्बन्धी कानुनी व्यवस्था गर्न नेपालमा सर्वप्रथम वि.सं. १९९६ मा *शिक्षाको इस्तिहार* नामक नियमावली आएको पाइन्छ । शिक्षा ऐन नै भनेर वि.सं. २०१९ मा पहिलोपटक आयो भने शिक्षा नियमावली नै भनेर वि.सं. २०२३ सालमा ल्याइएको पाइन्छ । त्यसैगरी शिक्षा ऐन २०२५ र शिक्षा नियमहरू २०२७ पनि ल्याएका पाइन्छन् । जुन खारेजी भई वर्तमान समयमा शिक्षा ऐन, २०२८ (आठौं सं.) र शिक्षा नियमावली २०५९ (आ.सं.) सञ्चालनमा छन् ।

शिक्षा ऐन, २०२८ लाई नै शिक्षा प्रणालीको मूल कानुन मानिँदै हालसम्म नौ पटक संशोधन भई कार्यान्वयनमा छ । यसको बोधगम्यतामा सरोकारवालाको पहुँच पुग्नु आवश्यक हुन्छ । यस कार्यका लागि शिक्षा ऐनको भाषाशैली अध्ययन विश्लेषणको खाँचो पर्दछ । अध्ययनले ऐनको भाषालाई अधिकतम सरलता प्रदान गर्ने आधारहरूको खोजी गरी तथ्यहरू पत्ता लगाउनु आवश्यक छ । साथै पारिभाषिक कोशको निर्माण गरेर भाषालाई सर्वबोध्य बनाउने प्रयास गरिनुपर्दछ । यही विषयलाई मनन गरी प्रस्तुत अध्ययन शिक्षा ऐन, २०२८ मा प्रयुक्त पारिभाषिक शब्दावली सङ्कलन गरी अर्थ र परिभाषा समेत खुलाउने प्रयास गरिएको छ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

कुनै पनि कार्य सम्पादन गर्न आवश्यक पर्ने तौरतरिका वा प्रक्रियालाई विधि भनिन्छ । त्यस्तै अनुसन्धान कार्यमा अध्ययनलाई प्रभावकारी तवरले निष्कर्षमा पुग्न अध्ययनका विधि एवम् प्रक्रियाहरू आवश्यक पर्दछन् । अध्ययनलाई व्यवस्थित र सहज बनाउन उपयोग गरिने तरिकाहरू नै अनुसन्धान विधि हुन् । प्रस्तुत शोधकार्यको लागि मुख्यतः पुस्तकालयीय अध्ययन प्रक्रिया र आंशिक रूपमा वर्णनात्मक तथा विश्लेषणात्मक विधिको उपयोग गरिएको छ ।

### ३.१.१ तथ्याङ्क सङ्कलन

अध्ययनलाई शुद्धता, विश्वसनीयता र वैधता प्रदान गर्नका लागि तथ्याङ्क सङ्कलन गरिन्छ । अध्ययनको उद्देश्यको परिपूर्तिमा सहयोग गर्ने हुँदा पनि तथ्याङ्क सङ्कलन कार्य गरिन्छ । मुख्य गरी प्राथमिक सामग्रीको शुद्धता, पूर्णता र स्तरीयतामा नै अनुसन्धान निर्भर रहने हुँदा प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययन कार्यको पूर्णता प्राप्तिका लागि द्वितीयक स्रोतको पनि उपयोग गरिएको छ ।

#### ३.१.१.१ प्राथमिक सामग्री

प्रस्तुत शोधकार्य शिक्षा ऐन, २०२८ मा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययनमा आधारित रहेको हुँदा प्राथमिक सामग्रीका रूपमा शिक्षा ऐन, २०२८ संशोधन सहितलाई नै अध्ययन विश्लेषणको प्रमुख आधार बनाइएको छ । यसर्थ शिक्षा ऐन, २०२८ लाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ ।

#### ३.१.१.२ द्वितीयक सामग्री

प्रस्तुत शोधकार्यका लागि द्वितीयक सामग्रीका रूपमा शीर्षक सम्बद्ध विभिन्न शोधकार्यहरू, शब्दकोशहरू, पाठ्यपुस्तकहरू तथा निर्देशकको सल्लाह आदिलाई आधार बनाइ सामग्री सङ्कलन, व्याख्या, विश्लेषण गरिएको छ । यसका लागि नेपाली बृहत् शब्दकोश (२०४०) को नवौं संशोधन (२०७०) लाई मुख्य रूपमा उपयोग गरिएको छ र

प्रयोगात्मक नेपाली शब्दकोश (२०६३), पारिभाषिक शब्दकोश, पाठ्यपुस्तक, सन्दर्भपुस्तक, पत्रपत्रिका तथा जर्नलमा प्रकाशित लेख, रचनाहरू आदिलाई गौण सामग्रीका रूपमा उपयोग गरिएको छ । यसका साथै विभिन्न समयका कार्यशालामा प्रस्तुत कार्यपत्र, वेभसाइट र नेपाली विकिपीडियालाई पनि गौण सामग्रीका रूपमा उपयोग गरिएको छ ।

### ३.१.२ सामग्रीको सत्यापन

प्रस्तुत अध्ययनमा छनोट गरिने नमुना शब्दहरूलाई सङ्कलन गरी तिनीहरू पारिभाषिक प्रकृतिका हुन्/होइनन् भनेर प्रथम चरणमा निर्देशकलाई जाँच गरिएको छ । त्यसपछि ती शब्दावलीको अर्थ र परिभाषासहित तिनको उपयुक्ततासम्बन्धी जाँच गर्न विषयविज्ञ तथा शोधनिर्देशक समक्ष पेश गरिएको छ । साथै आवश्यकताअनुसार पारिभाषिक तथा अन्य शब्दकोशको उपयोग गरी सत्यता र उपयोगिताको अध्ययन विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनको सामग्रीहरूलाई सत्यापनका लागि सम्बन्धित क्षेत्रका २० जना विज्ञ, विशेषज्ञ र पाठकहरूलाई जाँच गरिएको छ ।

### ३.१.३ अध्ययन प्रक्रिया

माथि प्रस्तुत अध्ययनविधि र सीमाङ्कनका आधारमा अध्ययन प्रक्रियालाई अघि बढाइयो प्रस्तुत अध्ययनलाई कोश सम्पादन गर्दा अपनाइने सामग्री सङ्कलनको प्रक्रियालाई अपनाइएको छ । प्रक्रियामा पनि लिखित सामग्रीबाट सङ्कलन गरिएको हुँदा अवतरण विधि अर्थात् कुनै निश्चित आकारका टिपोटपत्तीमा सम्बन्धित भाषाका लिखित स्रोतबाट कोशीय एकाइ र तिनका विविध सन्दर्भहरूलाई अङ्कित गर्ने प्रक्रिया (पौडेल, २०६९ : ८६) को उपयोग गरिएको छ । अनावश्यक बेलीविस्तार र भद्दापन नआओस् भन्ने कुरालाई विशेष ख्याल गरिएको छ । यसरी अवतरण विधिद्वारा सामग्री सङ्कलन गर्दा सान्दर्भिक अर्थ र प्रविष्टिको मूल रूप निर्धारण गरिएको छ ।

प्रस्तुत अध्ययनमा सर्वप्रथम शिक्षा ऐन, २०२८ मा रहेका पारिभाषिक शब्दहरूको सङ्कलन गरियो । सङ्कलित शब्दावलीको सत्यापन जाँच गराउन शोधनिर्देशक समक्ष प्रस्तुत गरियो । त्यसपछि उक्त शब्दावलीहरूलाई नेपाली बृहत् शब्दकोश (२०७२) र प्रज्ञा नेपाली सन्दर्भ व्याकरण (२०७१) ले प्रस्तुत गरेको वर्णानुक्रमिक नियमानुसार

वर्णनुक्रममा उतार गरियो । यसरी क्रमागत गरिएको शब्दावलीहरूलाई अवतरण विधिको उपयोग गरी अर्थ र परिभाषासहित प्रस्तुत गरियो । यसपछि सङ्कलित सामग्रीको सत्यापनको जाँच गर्न शोधनिर्देशक र विषय विशेषज्ञसमक्ष प्रस्तुत गरियो । निर्देशक र विशेषज्ञको सल्लाह र सुझावबमोजिम उक्त सामग्रीलाई सम्पादन र संशोधन गरी प्रस्तुत प्रतिवेदनलाई टङ्कन, संशोधन, सम्पादनपछि शोधप्रतिवेदनका रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

## अध्याय चार

## व्याख्या तथा विश्लेषण

### ४.१ शिक्षा ऐन, २०२८ मा प्रयुक्त पारिभाषिक शब्दावलीको वर्णानुक्रम सूची

तालिका नं १

| | | |
|---|---|---|
| (अ) | (आ) | कर्मचारी |
| अटिज्म | आखिरी | कसुर |
| अतिरिक्त क्रियाकलाप | आचारसंहिता | काज |
| अदालत | आदेश | कानुन |
| अधिकार | आधारभूत विद्यालय | कायम |
| अधिकार प्रत्यायोजन | आधारभूत शिक्षा | कारबाही |
| अधिकारी | आधारभूत शिक्षा उत्तीर्ण परीक्षा | कार्यकारिणी समिति |
| अध्यक्ष | आन्तरिक विज्ञापन | कार्यक्षमता अभाव |
| अध्यापन | आयोग | कार्यदल |
| अध्यापन अनुमति पत्र | आवासीय विद्यालय | कार्यरत |
| अनियमितता | आवेदन | किताबखाना |
| अनिवार्य नेपाली | (उ) | कुटनीतिक नियोग |
| अनुदान | उजुरी | कैद |
| अनुमति | उत्तराधिकारी | (ख) |
| अनौपचारिक शिक्षा | उद्योग तथा वाणिज्य महासंघ | खुला शिक्षा |
| अन्तर्वार्ता | उपदान | खेलकुद |
| अभिभावक | उपाधि | (ग) |
| अभिलेख | उमेरको हद | गठन |
| अमर्यादित कार्य | उम्मेदवार | गणतन्त्र |
| अर्थ मन्त्रालय | (ऐ) | गाउँपालिका |
| अवकाश | ऐन | गाउँ शिक्षा समिति |
| अवाच्छित | (क) | ग्रामीण शिक्षा विकास कोष |

| | | |
|---|---|---|
| अविच्छिन्न | कम्पनी | गैर नेपाली नागरिक |
| अस्थायी शिक्षक | करार | गोपनियता |
| अस्थायी सेवा | दस्तुर | |
| (घ) | दान | (प) |
| घुम्ती विद्यालय | दायरी | पदपूर्ति |
| घोषणा | दूर शिक्षा | पदाधिकारी |
| (च) | दृष्टिविहीन | पदावधि |
| चन्दा | द्रष्टव्य | पदीय दायित्व |
| (छ) | (न) | परामर्श |
| छात्रावास | नगरपालिका | परिचय पत्र |
| छानबिन | नगरपालिकाको प्रमुख | परिषद् |
| (ज) | नालिस | परोपकारी |
| जनजाति | निकाय | पर्यवेक्षक |
| जरिवाना | निजी | पाठ्यक्रम |
| जाँचबुझ | निम्नमाध्यमिक विद्यालय | पाठ्यपुस्तक |
| जाँचबुझ समिति | निमित्त | पाठ्यसामग्री |
| जिल्ला नेपाल शिक्षक महासंघ | नियम | पारिश्रमिक |
| जिल्ला शिक्षा अधिकारी | नियुक्ति | पुनरावेदन |
| जिल्ला शिक्षा कार्यालय | निर्देशक | पुस्तकालय |
| जिल्ला शिक्षा कोष | निर्देशनालय | पूर्वप्राथमिक विद्यालय |
| जिल्ला शिक्षा परिषद् | निर्देशिका | प्रगति विवरण |
| जिल्ला शिक्षा समिति | निलम्बनन | प्रतिनिधि |
| (झ) | निवेदन | प्रतिबन्धात्मक वाक्यांश |
| झन्डा | निवृत्तभरण | प्रतियोगिता |
| (त) | नीति | प्रतिवेदन |
| तलब | नेपाल शिक्षक महासंघ | प्रधानाध्यापक |
| तहकिकात | नेपाल सरकारवादी | प्रमाणीकरण |
| (द) | नेपाली नागरिक | प्रमुख जिल्ला अधिकारी |

| | | |
|---|---|---|
| दफा | नेपाली भाषा | प्रयोगात्मक परीक्षा |
| दरखास्त | नैतिक पतन | प्रशासकीय पदाधिकारी |
| दरबन्दी | न्याय | प्रस्तावना |
| दरबन्दी मिलान | माध्यम | प्राथमिक विद्यालय |
| दरबन्दी वितरण | माध्यमिक विद्यालय | प्राथमिक शिक्षा |
| दरबन्दी सिर्जना | माध्यमिक शिक्षा | (व) |
| प्रारम्भिक बाल शिक्षा केन्द्र | माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा | वरिष्ठ कर्मचारी |
| (फ) | मामिला | वहि : |
| फैसला | मुद्दा दराई | वाचनालय |
| फौजदारी अभियोग | मुनाफा | वार्षिक प्रतिवेदन |
| (ब) | मुनासिब मौका | विघटन |
| बचाउ | (य) | विज्ञापन |
| बढुवा | यातना | विद्यार्थी |
| बन्देज | (र) | विद्यालय |
| बर्खास्त | रजिष्ट्रेसन | विद्यालय कोष |
| बहाली | राजपत्र | विद्यालय निरीक्षक |
| बाधा अड्काउ फुकाउ | राजपत्राङ्कित | विद्यालय व्यवस्थापन समिति |
| बिगो असुल | राजिनामा | विद्यालय शिक्षक किताबखाना |
| बिदा | राष्ट्रिय जनगणना | विद्यालय शिक्षा |
| बोर्ड | राष्ट्रिय पञ्चायत | विधान |
| बौद्धिक अपाङ्गता | राष्ट्रिय परीक्षा बोर्ड | विभागीय कारबाही |
| ब्रिज कोर्स | राहत शिक्षक | विशिष्ट श्रेणी |
| ब्रेललिपि | रिक्त शिक्षक | विशेष शिक्षा |
| (भ) | (ल) | विश्वविद्यालय |
| भत्ता | लगत | (श) |
| भाषा शिक्षण कक्षा | लापरबाही | शपथग्रहण |
| भोगोलिक विकटता | लालमोहर | शर्त |
| भ्रष्टाचार | लियन पद | शिक्षक |

| | | |
|---|---|---|
| (म) | लेखा परीक्षक | शिक्षक अभिभावक संघ |
| मनासिव | लोकतन्त्र | शिक्षक छनोट समिति |
| मनोनयन | लोक सेवा आयोग | शिक्षक प्रशिक्षण कक्षा |
| मनोनित | सञ्चय कोष | शिक्षण संस्था |
| मन्त्रालय | सदस्य | शिक्षा |
| महानिर्देशक | सदस्य सचिव | सार्वजनिक |
| महालेखा परीक्षक | सदाचार | सार्वजनिक बिदा |
| महाशाखा | सन्दर्भ सामग्री | सार्वजनिक सम्पत्ति |
| मातृभाषा | सफाइ | सिफारिस |
| शिक्षा निर्देशक | समकक्षता | सुस्त श्रवण |
| शिक्षा परीक्षक | समाजसेवी | स्थानीय निकाय |
| शिक्षाविद् | समावेशी शिक्षा | स्थानीय बुद्धिजीवी |
| शिक्षा विभाग | समिति | स्थायी आवासीय अनुमति पत्र |
| शिष्टाचार | सम्बन्धन | स्थायी शिक्षक |
| शैक्षिक गुठी | सम्मति | स्वशासित |
| शैक्षिक गुणस्तर परीक्षण केन्द्र | सरुवा | स्वीकृत दरबन्दी |
| शैक्षिक वातावरण | सर्वसामान्यता | स्वीकृति |
| स्रोत कक्षा | सहशिक्षा | (ह) |
| स्रोत व्यक्ति | सह सचिव | हक |
| (स) | साङ्केतिक भाषा | हाजिर |
| सङ्गठित संस्था | साझेदारी | हिनामिना |
| संघीय | सामुदायिक विद्यालय | |
| संरक्षकत्व | सामुदायिक सिकाइ केन्द्र | |
| संशोधन | | |
| संस्थागत विद्यालय | | |
| सगोल | | |
| सचिवालय | | |
| सजाय | | |

## ४.२ शिक्षा ऐन, २०२८ का पारिभाषिक शब्दावलीको अर्थ र परिभाषा

(अ)

— अटिज्म : (वि.) स्नायु र नसाको विकासमा आउने ह्रासले उत्पन्न हुने मानसिक अपाङ्गता हो ।

— अतिरिक्त क्रियाकलाप : (ना.) शिक्षण संस्थामा विद्यार्थीका लागि निर्धारित पाठ्यवस्तुभन्दा बाहिरको क्रियाकलाप (खेलकुद, नाटक, वादविवाद आदि)

— अदालत : (ना.) मुद्दा मामिलामा न्याय इन्साफ गर्न राखिएको अड्डा इजलास ।

— अधिकार : (ना.) कानुनी, परम्परागत वा नैतिक रूपमा प्राप्य न्यायोचित दाबी; हक ।

— अधिकार प्रत्यायोजन : (ना.) माथिल्ला तहका कर्मचारीले आफूमा रहेको हक केही समयका निमित्त तल्लो तहका कर्मचारीमा सुम्पने काम ।

— अधिकारी : (ना.) कुनै अड्डा, सङ्गठित संस्था वा निकायको अधिकार पाएको व्यक्ति ।

— अध्यक्ष : (ना.) कुनै संस्था, कम्पनी, समिति, सभा, संसद आदिको प्रमुख व्यक्ति ।

— अध्यापन : (ना.) पढाउने काम, शिक्षण, पाठन ।

— अध्यापन अनुमतिपत्र : (ना.) तोकिएको योग्यता पुगेका व्यक्तिलाई शिक्षण पेशामा प्रवेश गराउन नियमबमोजिम दिइने अनुमतिपत्र ।

— अनियमितता : (वि.) नियम नभएको, नियम नअँगालिएको, बेनियम ।

— अनिवार्य नेपाली : (ना.) ऐच्छिक कुरा नभएर नेपालको शिक्षा परिपाटीअन्तर्गत सबै विद्यार्थीले पढ्नै पर्ने विषय ।

- अनुदान : (ना.) कुनै राज्य, प्रशासनका तर्फबाट अथवा कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय आधिकारिक संस्थाका तर्फबाट विशेष कामका निम्ति दिइने नियमित तथा एकमुष्ट आर्थिक सहयोग ।

- अनुमति : (ना.) नेपाल सरकारले स्थायी स्वीकृति र सहायतता प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृति ।

- अनौपचारिक शिक्षा : (वि.) तोकिएको विधि, रीत वा औपचारिकता नपुऱ्याइ दिइने शिक्षा ।

- अन्तर्वार्ता : (ना.) कुनै पदमा योग्य व्यक्ति छान्नका निम्ति सम्बन्धित अधिकारी तथा विशेषज्ञद्वारा उम्मेदवारलाई प्रश्न सोधेर उत्तर प्राप्त गरिने कार्य ।

- अभिभावक : (वि.) विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको अभिभावक भनी विद्यालयको अभिलेखमा जनाइएको व्यक्ति (विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै वा संरक्षकत्व प्रदान गर्ने व्यक्ति ।

- अभिलेख : (ना.) कुनै विषयको प्रमाणिक लेख वा रिकर्ड गरिएको प्राचीन लेख ।

- अमर्यादित कार्य : (वि.) अनुशासनहीन वा कानुनले अनुचित ठहऱ्याएको कार्य गर्नु ।

- अर्थ मन्त्रालय : (वि.) कार्य विभाजनअनुसार अर्थसम्बन्धी काम गर्ने मन्त्रीको कार्यालय ।

- अवकाश : (ना.) कुनै काम वा पदबाट फुर्सद लिने क्रिया ।

- अवाञ्छित : (वि.) इच्छा नगरिएको; अवाञ्छनीय ।

- अस्थायी शिक्षक : (वि.) म्याद वा अवधि तोकिएको, यति समयसम्म मात्र रहने भनी तोकिएको शिक्षक ।

- अस्थायी सेवा : (वि.) सरकारी वा गैरसरकारी तहमा तलब लिएर निश्चित अवधिको लागि गरिने काम, जागिर ।

(आ)

– आखिरी : (वि.) पछिल्लो, पछाडिको, अन्तिमको ।

– आचारसंहिता : (ना.) आचरण वा व्यवहारको परिष्कृत नैतिक नियम प्रतिपादित गरी लेखिएको शास्त्र वा विधा ।

– आदेश : (ना.) कुनै काम कारबाहीका बारेमा मन्त्री वा उच्च अधिकारीबाट दिइने निकासा वा निर्णयसम्बन्धी आज्ञा ।

– आधारभूत विद्यालय : (ना.) प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्मको शिक्षा दिइने विद्यालय ।

– आधारभूत शिक्षा : (ना.) प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा ।

– आधारभूत शिक्षा उत्तीर्ण परीक्षा : (ना.) आधारभूत तहको अन्त्यमा हुने परीक्षा ।

– आन्तरिक विज्ञापन : (ना.) सरकारी वा गैरसरकारी स्तरमा आयोगका माध्यमले सेवा प्रवेश वा पदपूर्तिका निम्ति आवेदनपत्रको आह्वान गरी कार्यरत कर्मचारीका लागि मात्र जारी गरिएको सूचना ।

– आयोग : (ना.) सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दीअनुसार रिक्त शिक्षक तथा कर्मचारी पदको नियुक्ति तथा बढुवाको सिफारिस गर्न गठित शिक्षक सेवा आयोग ।

– आवासीय विद्यालय : (वि.) नेपाल सरकारबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालय । अध्ययनयको समयमा विद्यार्थीहरूलाई विद्यालयकै हाताभित्र बस्ने तथा खाने सुविधा भएको विद्यालय (प्र.ने.श., २०६३ : ८६) ।

– आवेदन : (ना.) कुनै कामका लागि कार्यालयमा दिइने लिखित अनुरोध, निवेदन, दरखास्त ।

– उजुरी : (ना.) आफूमाथि परेको अन्याय वा पिरमर्का खोली सम्बन्धित अधिकारीलाई अवगत गराउने काम वा त्यस्तो पिरमर्का परेको कुरा लेखी कानुनी कारबाहीका निम्ति सम्बन्धित व्यक्ति वा कार्यालय आदिमा पेश गर्ने निवेदन ।

– उत्तराधिकारी : (ना.) कसैको कार्यकालको समाप्ति वा मृत्युपछि उत्तराधिकारको रूपमा पद, प्रतिष्ठा वा सम्पत्ति पाउने व्यक्ति, हकवाला ।

– उद्योग तथा वाणिज्य महासंघ : (ना.) उद्योग तथा वाणिज्यसम्बन्धी काम गर्न केन्द्रीय कार्यालयअन्तर्गत रहने स्थानीय शाखा, डिभिजन ।

– उपदान : (ना.) निवृत्तिभरण नपाइकनै सेवाबाट छुटेका कर्मचारीले पाउने वा सम्बन्धित निकायद्वारा नियमानुसार निजलाई दिइने एकमुष्ट रकम ।

– उपाधि : (ना.) कसैको योग्यता, महत्त्व, सम्मान आदि जनाउने पद, पद्वी, दर्जा ।

– उमेरको हद : (वि.) कुनै विज्ञापन वा कामकारबाहीका लागि तोकिएको उमेर नपुगेको अवस्था वा उमेर बढी भई असक्षमता भएको अवस्था ।

– उम्मेदवार : (वि.) उमेद राख्ने, आशा वा अपेक्षा गर्न इच्छुक ।

(ऐ)

– ऐन : (ना.) कुनै विषयलाई व्यवस्थित रूपमा गर्न गराउन बनेको सरकारी नियम । संसदबाट पारित भई कानुन बनेको लिखित दस्तावेज (पं.ने.स., २०६३ : १३३) ।

(क)

– कम्पनी : (ना.) उद्योग, व्यापार आदि व्यवसाय सञ्चालन गर्न कानुनी आधारमा सङ्गठित व्यक्तिहरूको समुदाय वा संस्था ।

– करार : (ना.) खास कार्यको अभिभारा दिने र लिनेका बीच सर्तसहितको औपचारिक सम्झौता वा त्यसको लिखत ।

– कर्मचारी : (ना.) सरकारी वा गैरसरकारी संस्थामा तलब पाउने गरी कुनै कामका लागि नियुक्त व्यक्ति, कारिन्दा ।

- कसुर : (ना.) प्रचलित कानुनले निषेध गरेका काम कुरा गरेमा सजायभागी बन्नुपर्ने कार्य, दोष, अपराध ।

- काज : (ना.) केही वा निर्धारित समयका लागि कुनै पनि सरकारी वा गैरसरकारी सेवामा रहेको बहालवाला कर्मचारी, शिक्षक आदिले अर्को संस्था वा कार्यालयमा गई गरेको सावधिक सेवा कार्य ।

- कानुन : (ना.) जनताद्वारा निर्वाचित राष्ट्रिय प्रतिनिधिहरू भएको व्यवस्थापिका सभाले राष्ट्रलाई व्यवस्थित रूप दिन बनाएको ऐन ।

- कायम : (वि.) जहाँको तहीँ रहेको, टसमस नभएको स्थिर । नबदलिएको वा यथावत् रहेको स्थिति (प्र.ने.श., २०६३ : १६९) ।

- कारबाही : (ना.) अड्डा अदालतबाट कुनै समस्या, झगडा वा मुद्दाको छानबिन गरी फैसला गर्दा अँगालिने प्रक्रिया ।

- कार्यकारिणी समिति : (ना.) कुनै विशेष काम गर्न वा व्यवस्था मिलाउन आधिकारिक रूपबाट चुनिएका वा मनोनित भएका विशिष्ट व्यक्तिहरूको कार्य समिति ।

- कार्य क्षमता अभाव : (वि.) काम गर्ने ल्याकत नहुनु, असफल कार्यकुशलता ।

- कार्यदल : (ना.) खास काम गर्नका निम्ति बनाएको कार्यकर्ताहरूको समूह, काम गर्ने व्यक्तिहरूको विभाजित एकाइ ।

- कार्यरत : (वि.) कुनै काममा संलग्न वा पदमा बहाल भइरहेको ।

- किताबखाना : (ना.) जङ्गी, निजामति आदि कर्मचारीहरूको नियुक्ति, बढुवा, सरुवा, खोसुवा आदिसम्बन्धी रेकर्ड राख्ने अड्डा ।

- कूटनीतिक नियोग : (ना.) राष्ट्र राष्ट्रका बीचको राजनीतिक सम्बन्ध र व्यक्ति व्यक्ति बीचको पारस्परिक व्यवहारमा दाउपेच गर्नेसम्बन्धी कारबाही गर्न गठित सङ्गठन, संघ ।

– कैद : (ना.) अपराधीलाई सजायका लागि थुनामा राख्ने काम ।

(ख)

– खुला शिक्षा : (ना.) नियमित शिक्षाको अवसरबाट वञ्चित भएकाहरूलाई उनीहरूको रुचि, आवश्यकता क्षमता, अवस्थाका साथै आफू रहेकै स्थान वा कार्यस्थलबाट शिक्षाको अवसर उपलब्ध गराउन अगाडि सारिएको पद्धति हो ( अधिकारी, २०७२ : २७२) ।

– खेलकुद : (ना.) मन बहलाउन वा व्यायामका निम्ति खेल्ने वा कुद्ने काम ।

(ग)

– गठन : (ना.) कुनै निश्चित उद्देश्यको परिपूर्तिका निम्ति कुनै दल वा संस्थाको निर्माण ।

– गणतन्त्र : (ना.) देशको शासनप्रणाली स्थानीय तहदेखि केन्द्रीय तहसम्म नै जनताद्वारा निर्वाचित प्रतिनिधिहरूबाट सञ्चालित हुने राजनीतिक व्यवस्था ।

– गाउँपालिका : (ना.) नेपालको संविधान २०७२ अनुसार राज्यको संरचनाअन्तर्गत रहने स्थानीय तहअन्तर्गतको एउटा तह ।

– गाउँ शिक्षा समिति : (ना.) गाउँपालिका वा नगरपालिकाका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय गर्ने कामको लागि प्रत्येक गाउँपालिका वा नगरपालिकामा रहने ११ सदस्यीय समिति (शिक्षा ऐन, २०५८ : १९) ।

– गैर नेपाली नागरिक : (ना.) नेपाल बाहिर रहेका नेपाली मूलका नागरिक ।

– गोपनीयता : (ना.) खास व्यक्ति, वर्ग वा समूहदेखि बाहिर नजाओस् भनी लुकाएर राखिएको अवस्था ।

(घ)

– घुम्ती विद्यालय : (ना.) नेपाल सरकारले विकट हिमाली क्षेत्रमा सञ्चालन गर्न तोकिएबमोजिमको विद्यालय (शिक्षाऐन, २०२८ : २०) ।

– घोषणा : (ना.) कुनै कुरो ठूलो स्वरले सुनाउने काम; केही कुराका बारेमा निश्चयसाथको भनाइ ।

(च)

– चन्दा : (ना.) सामूहिक, सामाजिक कुनै पनि परोपकारी कार्यका निम्ति सहायताको रूपमा दिइने वा जम्मा गरिने रकम । संघ, संस्था, सङ्गठन आदि चलाउनका निम्ति सम्बन्धित व्यक्तिहरूबाट उठाइने शुल्क ।

(छ)

– छात्रावास : (ना.) अध्ययनका क्रममा छात्रछात्राहरूलाई बसोबासका लागि सम्बन्धित शिक्षण संस्थाले व्यवस्था गरेको भवन (प्र.ने.श., २०६३ : ३२२) ।

– छानबिन : (ना.) तलासी लिएर कुनै कुरा केलाउने, खोजी गर्ने काम ।

(ज)

– जनजाति : (ना.) आफ्नै भाषा, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज भएका र कुनै निश्चित क्षेत्रमा बसोबास गर्ने ज्ञानविज्ञानका हिसाबले केही पछि परेको पछौटे जाति ।

– जरिवाना : (ना.) नगद रुपियाँ दण्ड तिनुपर्ने गरी अपराधीलाई गरिएको सजाय ।

– जाँचबुझ : (ना.) कुनै कुराको स्थिति वा व्यक्तिको गतिविधि जाँच्ने तथा बुझ्ने काम ।

– जाँचबुझ समिति : (ना.) पञ्चायती व्यवस्थामा कार्यपालिकाले गरेका कार्यहरू ठीकबेठीक के कस्ता छन् भन्ने पत्ता लगाउन बनेको पञ्चहरूको समिति ।

– जिल्ला नेपाल शिक्षक महासंघ : (ना.) सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न बनेको जिल्ला स्तरको सङ्गठन ।

– जिल्ला शिक्षा अधिकारी : (ना.) जिल्ला शिक्षा कार्यालयमा कार्यालय प्रमुखको रूपमा रहने अधिकारी ।

– जिल्ला शिक्षा कार्यालय : (ना.) नेपाल सरकारले शिक्षा व्यवस्थापनका लागि स्थापना गरेको जिल्ला स्तरको शिक्षासम्बन्धी प्रमुख कार्यालय ।

– जिल्ला शिक्षा कोष : (ना.) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि जिल्ला स्तरमा स्थापना गरिएको कोष ।

– जिल्ला शिक्षा परिषद् : (ना.) जिल्ला स्तरमा शैक्षिक विकासका लागि आवश्यक नीति तर्जुमा गर्न तोकिएबमोजिमको परिषद् (शिक्षा ऐन, २०२८ : १५) ।

– जिल्ला शिक्षा समिति : (ना.) जिल्लाभित्रका विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने काम समेतको लागि गठन हुने समिति ।

(झ)

– झण्डा : (ना.) कुनै देश, संस्था, दल आदिलाई चिनाउने प्रायः कपडाले बनाएको प्रतीक चिह्न, ध्वजा, पताका ।

(त)

– तलब : (ना.) कुनै पनि कर्मचारीले सेवा गरेबापत सेवाको सर्तअनुसार निज रहेको पदमा प्रचलित वेतन वृद्धि क्रमअनुसार पाउने रकम वा सुविधा (ने.बृ.श., २०७२ : ५५८) ।

– तहकिकात : (ना.) कानुनी कारबाहीमा मौका, तौकात, सर्जमिन गर्ने तथा अरु सबुत प्रमाण जुटाउने काम ।

(द)

– दफा : (ना.) ऐन वा विधान आदिको परिच्छेद वा महलभन्दा सानो र उपधारा वा उपदफाभन्दा ठूलो बुँदा, अंश ।

– दरखास्त : (ना.) सरकारी वा गैरसरकारी कार्यालयमा कुनै कामको माग गर्दा लेखेर दिइने पत्र, निवेदनपत्र ।

– दरबन्दी : (ना.) सरकारी वा गैरसरकारी कार्यालयको सञ्चालनका लागि निश्चित तलब खाने गरी तोकिएको पद ।

– दरबन्दी मिलान : (ना.) दरबन्दी विषयगत आधारमा मिल्ने गरी चाँजोपाँजो गर्ने काम ।

– दरबन्दी वितरण : (ना.) नयाँ अथवा खाली दरबन्दी रहेको ठाउँमा नियमानुसार दरबन्दी बाँड्ने काम ।

– दरबन्दी सिर्जना : (ना.) कार्यालयमा काम बढी पर्नाले कर्मचारी थप गर्नु परेमा विधिवत् पद सिर्जना गर्ने काम ।

– दस्तुर : (ना.) कुनै कार्यालयमा नियमानुसार बुझाउनु पर्ने शुल्क ।

– दान : (ना.) आफूसँग भएको चिज अरुलाई दिने काम, बकस आदिबाट प्राप्त भएको धनमाल, जमिन ।

– दायरी : (ना.) अड्डा अदालतमा निर्णय हुने कारबाही चलेको वा मुल्तबीमा रहेको मुद्दा मामिला ।

– दूर शिक्षा : (ना.) टाढा वा दूर ठाउँबाट सुगम स्थान सरहको शिक्षा लिने कार्यलाई दूर शिक्षा भन्न सकिन्छ (अधिकारी, २०७२ : २७२) ।

– दृष्टिविहीन : (वि.) आँखाको ज्योति नभएको वा आँखाले देख्न नसक्ने ।

– द्रष्टव्य : (वि.) देख्न तथा हेर्न लायकको

(न)

– नगरपालिका : (ना.) वर्तमान व्यवस्थाअनुरूप नगरको सरसफाइ, स्वास्थ्य, सडक, भवन, ढल, पानी आदिको व्यवस्था गर्न वैधानिक रूपमा निर्वाचित र सङ्गठित निकाय । महानरपालिका र उपमहानगरपालिका समेत सम्झनुपर्छ (पोखरेल, २०७२ : २३९) ।

– नगरपालिकाको प्रमुख : (ना.) नगरपालिकाका निर्वाचित प्रमुख अधिकारी, मेयर ।

– नालिस : (ना.) कुनै व्यक्ति वा संस्थाद्वारा आफूमाथि अन्याय भएको लागेमा उचित दण्ड, सजाय वा क्षतिपूर्तिका निम्ति अदालत वा सम्बधित अधिकारीसमक्ष गर्ने रीतपूर्वकको उजुरी ।

– निकायः (ना.) कुनै संस्था वा त्यसको एकाइ कार्यालय ।

– निजी : (वि.) आफूसँग सम्बन्धित, व्यक्तिगत प्रयोगमा मात्र आउने, अरु कसैसँग सम्बन्ध नभई आफूसँग मात्र सम्बन्ध भएको ।

– निम्नमाध्यमिक विद्यालय : (ना.) प्रारम्भिक बालशिक्षादेखि कक्षाआठसम्म शिक्षा दिइने विद्यालय (शिक्षा ऐन, २०२८ : ०३) ।

– निमित्त : (ना.) कुनै कार्यालयको हाकिम वा कर्मचारीको सट्टामा काम चलाउका रूपमा काम गर्ने व्यक्ति, कार्यकारी व्यक्ति (प्र.ने.श., २०६३ : ५५२) ।

– नियम : (ना.) व्यक्ति, संस्था, समाज आदिका गतिविधिलाई ठीकसँग सञ्चालन र व्यवस्थित गर्न बनाएको नीति, सिद्धान्त, विधि ।

– नियमित : (वि.) नियम वा काइदाअनुसारको ।

– नियुक्ति : (ना.) कुनै कार्यमा वेतन वा पारिश्रमिक पाउने गरी भर्ना हुने वा गर्ने काम ।

– निर्देशक : (वि.) कुनै विभाग वा कार्यालयको प्रमुख सञ्चालक, कुनै संस्थाको मुख्य अधिकारी, डाइरेक्टर ।

– निर्देशनालय : (ना.) कुनै कार्यको निम्ति निर्देशन दिने ठाउँ वा कार्यालय, निर्देशकको कार्यालय ।

– निर्देशिका : (ना.) कुनै कार्य सञ्चालनका लागि सहयोगी पुस्तिका ।

– निलम्बन : (ना.) कुनै ओहोदामा रहेको पदाधिकारी वा कर्मचारीलाई अनियमितता वा भ्रष्टाचार गरेको सूचना दिई नियमानुसार छानबिन गर्न राखिने काम ।

– निवेदन : (ना.) कुनै व्यक्ति वा संस्थाले कार्यालयमा दिइने अनुरोधपत्र ।

– निवृत्तिभरण : (ना.) कुनै पनि स्थायी कर्मचारीले नोकरीको निश्चित अवधि पूरा गरेर अवकाश पाएपछि सम्बन्धित कार्यालयबाट आजीवन पाउने निर्वाह भत्ता, पेन्सन ।

– नीति : (ना.) कुनै सरकार वा संस्था आदिले आफ्नो कार्य सञ्चालनका लागि अँगाल्ने आधारभूत सिद्धान्त

– नेपाल शिक्षक महासंघ : (ना.) सामुदायिक विद्यलायका शिक्षकहरूको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न गठित केन्द्रीय महासंघ (शि.ऐ., २०२८ : ३०) ।

– नेपाल सरकारवादी : (वि.) नेपाल सरकार नै वादी भएर चलाइने, ऐनले सरकारबाट चलाए हुने गरी तोकेअनुसार सरकारले नै उजुर गरेको वा सरकार नै उजुरवाला हुने ।

– नेपाली नागरिक : (ना.) नेपालको जन्मसिद्ध नागरिक, बाह्य मुलुकबाट नेपालमा आएर नेपालको नागरिकता ऐन बमोजिमका शर्तहरू पूरा गरी नेपालको कृत्रिम नागरिकता प्राप्त गरेको व्यक्ति ।

– नेपाली भाषा : (ना.) भारोपेली भाषा परिवारको 'शतम्' वर्गबाट संस्कृत प्राकृत र अपभ्रंश हुँदै जन्मेको आधुनिक भारतीय आर्य भाषाको एक भेद, देवनागरी लिपिमा लेखिने नेपालको राष्ट्रभाषा ।

– नैतिक पतन : (ना.) परम्परागत धर्म, नियमको परिधिबाट बाहिर गएको अवस्था, नैतिक व्यवहारको उल्लङ्घन ।

– न्याय : (ना.) मुद्दा मामिलामा पक्ष विपक्षका कुरा सुनी दिइने सही निर्णय, फैसला ।

(प)

– पदपूर्ति : (ना.) खाली रहेका पद वा दर्जामा नयाँ व्यक्ति भर्ना गरेर उक्त पद पूरा गर्ने काम ।

– पदाधिकारी : (वि.) कुनै पदमा रहेर वा नियुक्त भएर अधिकारपूर्वक काम गर्ने अधिकारी ।

– पदावधि : (वि.) कर्मचारी वा पदाधिकारीले आफ्नो पदमा रही काम गर्ने अवधि ।

– पदीय दायित्व : (वि.) आफ्नो पदअनुसारका काम कुरामा जवाफदेही हुनु ।

– परामर्श : (ना.) कुनै विषयमा छलफल गर्ने तथा त्यसबाट खँदिलो निष्कर्ष निकाल्ने काम ।

– परिचयपत्र : (ना.) कुनै व्यक्तिलाई परिचय गराउनका निम्ति उसको नाम, कार्य आदि विवरण लेखिएको पत्र ।

– परिषद् : (ना.) चुनिएका व्यक्ति वा नियुक्त सदस्यहरूको कार्यकारी समिति । शिक्षासम्बन्धी नीति निर्धारण गर्ने सम्बन्धमा नेपाल सरकारलाई सल्लाह तथा सुझाव दिने काम समेतका लागि दफा ७ (क) बमोजिम गठित राष्ट्रिय शिक्षा परिषद् सम्झनुपर्छ (शि.ऐ., २०२८ : ०३) ।

– परोपकारी : (वि.) अर्काको परोपकार, हित र कल्याणमा समर्पित ।

– पर्यवेक्षक : (ना.) कुनै काम वा विषयको रेखदेख, जाँचबुझ गर्ने व्यक्ति, निरीक्षक ।

– पाठ्यक्रम : (ना.) विद्यालय अथवा शिक्षकको निर्देशनमा सिकारुले सिकेका सम्पूर्ण सिकाइ अनुभवहरूको संयोजनलाई नै पाठ्यक्रम भनिन्छ (निउरे, २०७१ : ०४) ।

– पाठ्यपुस्तक : (ना.) विद्यालय एवम् विद्यापीठहरूमा विद्यार्थीहरूले औपचारिक तवरले पढ्नुपर्ने पुस्तकलाई पाठ्यपुस्तक भनिन्छ (राई, २०७१ : ४८) ।

- पाठ्सामग्री : (ना.) कक्षामा विद्यार्थीहरूलाई पढाउन पाठ्यक्रममा उल्लिखित सामग्री तथा पढाउँदा चाहिने कुनै समान किताब, चक, डस्टर आदिलाई पाठ्यसामग्री भनिन्छ (राई, २०७१ : ४८) ।

- पारिश्रमिक : (वि.) परिश्रम वा कुनै कार्य गरेबापत पाइने वा दिइने धन, ज्याला ।

- पुनरावेदन : (ना.) तल्लो अदालतबाट निर्णय भई हारजित भइसकेपछि हार्ने पक्षले आफ्नो चित्त नबुझेका कुराको जिकिरसहित माथिल्लो अड्डामा विचारार्थ पेश गरिने प्रार्थनापत्र वा तल्लो अदालतबाट हार्नेले पुनः विचार गरियोस् भनी माथिल्लो अड्डामा दिने निवेदन ।

- पुस्तकालय : (ना.) सार्वजनिक रूपले इच्छुक पाठकहरूले विभिन्न सर्तमा पढ्न पाउने हिसाबले विभिन्न विषयका पुस्तकहरूको सङ्ग्रह गरेर राखिएको घर ।

- पूर्वप्राथमिक विद्यालय : (ना.) चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालशिक्षा दिने विद्यालय (शि.ऐ., २०२८ : ०२) ।

- प्रगति विवरण : (ना.) उन्नति वा प्रगतिको विस्तृत विवरण वा बयान ।

- प्रतिनिधि : (ना.) कुनै व्यक्तिले गर्नुपर्ने काम गर्न सो कामसँग सम्बन्धित व्यक्तिका तर्फबाट नियुक्त अर्को आधिकारिक व्यक्ति ।

- प्रतिबन्धात्मक वाक्यांश : (वि.) कुनै प्रसङ्गमा पहिले गर्न पाइने भनेर उल्लेख भएका काम कुरामा खास स्थितिमा प्रतिबन्ध लगाउने उद्देश्यले लेखिएको; भइरहेको काम वा प्रावधानमा प्रतिबन्ध लगाउने किसिमको वाक्य ।

- प्रतियोगिता : (ना.) बल, बुद्धि, योग्यता आदिमा अरुलाई जित्ने विचारले दाजिने वा भिडिने क्रिया ।

- प्रतिवेदन : (ना.) कुनै घटना, कार्य, योजना आदिका सम्बन्धमा छानविन, पुछताछ आदि कार्य गरेपछि सम्बन्धित अधिकारी वा सभा आदिका अगाडि प्रस्तुत गर्न तयार पारिएको विवरण ।

– प्रधानाध्यापक : (ना.) कुनै स्कुल वा पाठशालाको मुख्य अध्यापक, हेड मास्टर ।

– प्रमाणीकरण : (ना.) कुनै कुराको सत्यता र विश्वसनीयताको पुष्टि गर्ने काम ।

– प्रमुख जिल्ला अधिकारी : (ना.) जिल्लाको प्रशासनसम्बन्धी कार्य हेर्ने प्रमुख अधिकारी ।

– प्रयोगात्मक परीक्षा : (ना.) पढेका कुराको मूल्याङ्कनका लागि प्रयोग अभ्यासबाट गरिने परीक्षा ।

– प्रशासकीय पदाधिकारी : (वि.) प्रशासन वा प्रशासकसम्बन्धी कार्य गर्न नियुक्त भई अधिकारपूर्वक काम गर्ने अधिकारी ।

– प्रस्तावना : (ना.) कुनै कार्य, योजना, उद्देश्य आदि पूरा गर्ने सम्बन्धको आरम्भ ।

– प्राथमिक विद्यालय : (ना.) स–साना बालबालिकाहरूलाई आरम्भमा शिक्षा दिने पाठशाला, एक कक्षादेखि पाँच कक्षासम्मको शिक्षा दिइने तल्लो तहको विद्यालय ।

– प्राथमिक शिक्षा : (ना.) कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ ( शि.ऐ., २०२८ : ०२) ।

– प्रारम्भिक बालशिक्षा केन्द्र : (ना.) नेपाल सरकारले गाउँपालिका वा नगरपालिकाको सहयोगमा खोलिएका शिक्षा केन्द्र (शि.ऐ., २०२८ : २१) ।

(फ)

– फैसला : (ना.) वादी वा प्रतिवादीका बीचमा उपस्थित भएका विवादको निर्णय; कुनै मुद्दा मामिलामा हकबाहेक छुट्याई वा उजुरी साँचो झूटो ठहराई अदालतले गरेको निर्णय ।

– फौजदारी अभियोग : (वि.) मारपिट, चोरी, डकैती आदि अपराधको दोषारोपण ।

(ब)

– बचाउ : (ना.) बचाउने काम, जोगाउने, हिफाजत गर्ने काम ।

- बढुवा : (ना.) तल्लो पदबाट माथिल्लो पदमा वृद्धि हुने काम; पदोन्नति; प्रमोसन ।
- बन्देज : (ना.) कुनै कारणबाट लागेको प्रतिबन्ध; रोकावट ।
- बर्खास्त : (ना.) कुनै पदमा नरहने स्थिति आएमा खारेज गर्ने काम ।
- बहाली : (ना.) बहाल गर्ने काम; नयाँ पद, ओहदा, अधिकार आदि सँभाल्ने काम ।
- बाधा अड्काउ फुकाउ : (ना.) ऐनको उद्देश्य कार्यान्वित गर्ने कुनै बाधा अड्काउ परेमा नेपाल सरकारले त्यस्तो बाधा अड्काउ हटाउन नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निकाले आदेश (शि.ऐ., २०२८ : ३८) ।
- बिगो असुल : (ना.) कसैले अनुचित किसिमले लिएको धनमाल वा दाबी गरिएको निश्चित रकम, अपराध कसुर र दोषसम्बन्धी मामिलामा प्रभाव पार्ने कुनै पनि रकम असुल्ने काम ।
- बिदा : (ना.) कसैलाई प्रस्थानका निम्ति दिइने वा काम गरेबापत नियमानुसार पाइने वा मागिने अवकाश, छुट्टी ।
- बैठक : (ना.) सभा, समिति आदिका सदस्यको भेट्ने कुरा गर्ने एकपटकको बसाइँ; सभा; मिटिङ ।
- बोर्ड : (ना.) माध्यमिक शिक्षा परीक्षाको सञ्चालन, समन्वय र व्यवस्थापनन गर्न गठित समिति (शि.ऐ., २०२८ : ०६) ।
- बौद्धिक अपाङ्गता : (वि.) बुद्धि वा मानसिकसम्बन्धी विकृति, कमजोरी ।
- ब्रिज कोर्श : (ना.) कुनै एउटा तहको शिक्षा सकेर अर्को तह सुरु गर्नुभन्दा पहिले सो तहलाई प्रवेश गर्न सहजताका निम्ति तयार पारिएको विषयवस्तु ।
- ब्रेललिपि : (ना.) लुइस ब्रेल नामका व्यक्तिले आविष्कार गरेको, छोएर पढ्न र लेख्न जान्ने व्यवस्था भएको अन्धाहरूको वर्णमाला ।

(भ)

- भत्ता : (ना.) बेतन बाहेक यात्रा, महँगी अथवा अन्य कुनै अतिरिक्त कार्य वा सामयिक रूपमा दिइने थप निश्चित रकम ।
- भाषा शिक्षण कक्षा : (ना.) कुनै पनि भाषासम्बन्धी पठनपाठन हुने ठाउँ, कक्षाकोठा ।
- भौगोलिक विकटता : (वि.) भूगोलसँग सम्बन्धित हुने अप्ठ्यारोपना । सबै किसिमका सुविधा र सेवा पुग्न नसकेको भूमि ।
- भ्रष्टाचार : (ना.) नियम वा कानुन विरुद्ध नैतिक पतन हुने काम गरी घुस खाई पक्षपातपूर्ण निर्णय र व्यवहार गर्ने काम ।

(म)

- मनासिव : (ना.) मनले उचित ठहऱ्याएको, ठीक, योग्य ।
- मनोनयन : (ना.) मनले रोज्ने काम, इच्छा मुताविकको छनोट । कसैलाई इच्छानुसार कुनै पदमा गरिने नियुक्ति ।
- मनोनित : (वि.) कुनै स्थानमा पदमा नियुक्त गर्नका निम्ति छानिएको ।
- मन्त्रालय : (ना.) कार्य विभाजनअनुसार मन्त्रीका बेग्लाबेग्लै प्रमुख कार्यालय । मन्त्रालय भन्नाले शिक्षा मन्त्रालय सम्झनुपर्छ (शि.ऐ., २०२८ : ०४) ।
- महानिर्देशक : (ना.) सरकारी केन्द्रीय विभागको विभागीय प्रमुख ।
- महालेखा परीक्षक : (ना.) सरकारी लेखा परीक्षणसम्बन्धी काम गर्ने गराउने सर्वोच्च अधिकारी; महालेखा परीक्षक विभागको प्रमुख ।
- महाशाखा : (ना.) कुनै कार्यालयअन्तर्गतको प्रमुख तथा महत्त्वपूर्ण शाखा कार्यालय ।

– मातृभाषा : (ना.) आमाको काखमा बसेर सिकिने तथा आफ्ना वर्ग वा जातिमा बोलिने भाषा । बालक वा सिकारुले आमाको काखमा सिकेको भाषा नै मातृभाषा हो (लम्साल र अन्य, २०६६ : २३) ।

– माध्यम : (ना.) कुनै काम सम्पन्न गर्ने साधन वा व्यक्ति ।

– माध्यमिक विद्यालय : (ना.) निम्नमाध्यमिक भन्दा माथिल्लो, प्रवेशिका परीक्षाका तहसम्मको नियमित पढाइ हुने विद्यालय ।

– माध्यमिक शिक्षा : (ना.) माध्यमिक विद्यालयमा दिइने वा पूरा हुने शिक्ष । कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्दछ (शि.ऐ., २०२८ : ०२) ।

– माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा : (ना.) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा भन्नाले माध्यमिक शिक्षाको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ (शि.ऐ., २०२८ : ०४) ।

– मामिला : (ना.) परस्परमा हुने कुनै काम वा व्यवहार; काम गराई ।

– मुद्दा दराई : (ना.) झगडियाले मुद्दा चलाउन अदालतमा कागज दाखिला वा दर्ता गर्ने कामलाई मुद्दा दराई भनिन्छ ।

– मुनाफा : (ना.) समान खरिद बिक्री गर्दा आर्थिक दृष्टिबाट लगतभन्दा बढ्ता हुने लाभ, फाइदा, नाफा ।

– मुनासिब मौका : (ना.) कुनै पनि कर्मचारी वा सदस्यले पदीय जिम्मेवारी इमान्दारीपूर्वक पूरा गर्न नसक्दा पदबाट हटाउनु अघि सफाई पेश गर्ने अवसर ।

– यातना : (ना.) कसैलाई शारीरिक वा मानसिक रूपमा सताउने काम, कष्ट, पीडा ।

(र)

– रजिस्ट्रेसन : (ना.) जग्गा, घर, संघसंस्था, उद्योग, प्रकाशन आदिलाई कानुनी तहबाट दर्ता गर्ने काम ।

- राजपत्र : (ना.) सरकारी सूचना, अध्यादेश, परिपत्र, संशोधित कानुनका बुँदाहरू, सरुवा बढुवा आदिका सम्पूर्ण कुरा औपचारिक तथा आधिकारिक रूपमा छापिने पत्र ।

- राजपत्राङ्कित : (वि.) नियुक्ति, सरुवा, बढुवा, छुट्टी आदिमा र निवृत्तिमा बस्दा समेत राजपत्रमा सूचना प्रकाशित हुने पदको (गजेड) गजेटमा उल्लेख हुने ।

- राजिनामा : (ना.) कुनै पनि कर्मचारी वा संघसंस्थाका सदस्यहरूले अशक्तता वा परिस्थिति देखाइ आफू रहेको पद, अधिकार आदि छोड्ने काम ।

- राष्ट्रिय जनगणना : (ना.) कुनै राष्ट्र वा क्षेत्रभित्रका जनताको कूल सङ्ख्या निकाल्न गरिने गन्ती; जनसङ्ख्या

- राष्ट्रिय पञ्चायत : (ना.) पञ्चायतकालीन नेपालको विधायिकालाई बुझिन्छ ।

- राष्ट्रिय परीक्षा बोर्ड : (ना.) माध्यमिक शिक्षा परीक्षाको सञ्चालन, समन्वय र व्यवस्थापन गर्न गठित राष्ट्रिय परीक्षा बोर्ड (शि.ऐ., २०२८ : ०६) ।

- राहत शिक्षक : (ना.) विदेशी दातृ सहयोगमा निश्चित समयावधिका लागि नियुक्ति पाई कार्यरत शिक्षक ।

- रिक्त शिक्षक : (ना.) खाली रहेको शिक्षकको पदलाई रिक्त शिक्षक भनिन्छ ।

(ल)

- लगत : (ना.) कुनै कामका लागि चाहिने नगद वा जिन्सी मालभत्ताको जम्माजम्मी विवरण सहितको सूची ।

- लापर्बाही : (ना.) पर्वाह नहुनाको भाव वा अवस्था; मुनासिब माफिकको होसियारी वा विवेक नभएको अवस्था ।

- लालमोहर : (ना.) राजाको शासनकालमा रातो रङ्गबाट लगाइने गरेको राजाको छाप ।

– लियन पद : (ना.) सट्टा शिक्षक अथवा खेताला शिक्षक ।

– लेखा परीक्षक : (ना.) सरकारी कार्यालय वा संघ संस्था आदिको हरहिसाब जाँच गर्ने अधिकार प्राप्त व्यक्ति ; अडिटर ।

– लेखा परीक्षण : (ना.) आर्थिक कारोबार हुने सरकारी निकाय र संघ संस्था आदिका व्यावसायिक सङ्गठनका खाता तथा अभिलेख नियमबद्ध रूपले जाँच र रुजु आदि गरी हिसाब हेर्ने र वास्तविक आर्थिक स्थितिका सम्बन्धमा प्रतिवेदन दिने काम ।

– लोकतन्त्र : (ना.) बहुसङ्ख्यक जनताका प्रतिनिधिहरूद्वारा कुनै देशको शासन व्यवस्था चल्ने र नीति निर्धारण आदि हुने शासन प्रणाली ।

– लोक सेवा आयोग : (ना.) निजामतीतर्फ निर्धारित सरकारी पदमा नयाँ नियुक्ति वा बढुवा आदि हुनका निम्ति आवेदन दिने उम्मेदवारहरूको योग्यता जाँची छान्ने, अनुमोदन गर्ने र नेपाल सरकारलाई तत्सम्बन्धी परामर्श दिने एक संवैधानिक अङ्ग ।

(व)

– वरिष्ठ कर्मचारी : (वि.) उच्च तहको, विशिष्ट कर्मचारी

– वहि : (ना.) आयात गरिएका वस्तुमा लागेको कर ।

– वाचनालय : (ना.) जनसाधारणले पत्रपत्रिका आदि पढ्ने वा हेर्ने ठाउँ ।

– वार्षिक प्रतिवेदन : (ना.) सरकारी वा गैरसरकारी कार्यालय र संस्थाहरूले वर्ष दिनसम्म भए/गरेका काम कुराको जाहेरी; हरेक सालको अन्तमा दिइने विवरण ।

– विघटन : (वि.) कुनै संघ संस्था, अधिवेशन आदिलाई भङ्ग वा अन्त गर्ने काम ; खारेजी ।

– विज्ञापन : (ना.) सरकारी वा गैरसरकारी स्तरमा सेवा आयोगका माध्यमले वा अन्य रूपमा कुनै काम कुरा, सेवा प्रवेश वा पदपूर्तिका निम्ति आवेदन पत्रको आह्वान

आदि गर्न सर्वसाधारण जनतालाई जानकारी हुने गरी प्रचार गरिएको विशेष सूचना ।

- विद्यार्थी : (ना.) नियमित रूपले विद्याको आर्जनमा लागिरहने व्यक्ति, शिक्षण संस्थामा अध्ययनरत व्यक्ति; शिष्य ।

- विद्यालय : (ना.) पढ्ने र पढाउने ठाउँ; पाठशाला; स्कुल । प्राथमिक तहदेखि उच्च माध्यमिक तहसम्मको पठनपाठन गर्ने शैक्षिक संस्था (प्र.ने.श., २०६३ : ९१०) ।

- विद्यालय कोष : (ना.) विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्नका लागि विद्यालय स्तरमा रहने कोष, खजाना ।

- विद्यालय निरीक्षक : (ना.) विद्यालयको शैक्षिक गतिविधिहरूको अवलोकन, मूल्याङ्कन र सल्लाह, सुझाव दिनका निम्ति जि.शि.का.बाट खटिएको अधिकृत स्तरको कर्मचारी ।

- विद्यालय व्यवस्थापन समिति : (ना.) सामुदायिक विद्यालयको सञ्चालन रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा रहने सरोकारवाला सदस्यहरूको समिति ।

- विद्यालय शिक्षक किताबखाना : (ना.) विद्यालयका शिक्षकहरूलाई प्रदान गरिने निवृत्तभरण, पारिवारिक निवृत्तभरण, शैक्षिक भत्ता, सन्तति वृत्ति, उपदान, बिमा, औषधोपचार आदिका सम्बन्धमा आवश्यक व्यवस्था गर्न स्थापित अड्डा (अधिकारी, २०७२ : १०३) ।

- विद्यालय शिक्षा : (ना.) विद्यालय अथवा संस्थाबाट प्राप्त हुने शिक्षा/विद्यालय शिक्षा भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ (शि.ऐ., २०२८ : ०३) ।

- विधान : (ना.) कुनै संघ, संस्था, सङ्गठन आदिको सञ्चालनका लागि तयार पारिएको कार्यविधि वा नियमावली ।

– विभागीय कारबाही : (ना.) कर्मचारीमाथि विभागीय प्रमुखमा रहेको अधिकारअनुसार गरिने सजायसम्बन्धी कारबाही ।

– विशिष्ट श्रेणी : (ना.) निजामति सेवाअन्तर्गत नेपाल सरकारको सहसचिव वा सो सरहको पदभन्दा माथिल्लो पद वा श्रेणी ।

– विशेष शिक्षा : (वि.) दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ (शि.ऐ., २०२८ : ०२) ।

– विश्वविद्यालय : (ना.) विश्वका विभिन्न विषय वा विभिन्न किसिमका शास्त्रहरूको उच्चकोटिको शिक्षा प्रदान गर्ने, सम्बन्धित विषयमा विद्यार्थीहरूको परीक्षा लिने र उत्तीर्ण विद्यार्थीहरूलाई तदअनुसार उपाधि प्रदान गर्ने शिक्षाको सर्वोच्च संस्थान ।

(श)

– शपथग्रहण : (ना.) संवैधानिक रूपमा तथा निमयपूर्वक कुनै उच्च पदस्थ व्यक्ति वा निर्वाचित प्रतिनिधिले आफ्नो पदप्रति इमान्दार रही सेवा गर्न वचनबद्ध हुने तथा प्रतिज्ञा गर्ने काम ।

– शर्त : (ना.) कुनै काम, सम्झौता वा सन्धि गर्दा परस्परमा पालना गरिने निर्दिष्ट कुरा : प्रतिज्ञा; कबुल ।

– शिक्षक : (ना.) शिक्षा दिने वा विद्यालयमा पढाउने व्यक्ति; अध्यापक; गुरु, मास्टर ।

– शिक्षक अभिभावक संघ : (ना.) विद्यालयको भौतिक, आर्थिक, शैक्षिक, प्रशासनिक आदि कुरामा सहयोग र सल्लाह दिनका निम्ति सो विद्यालयका शिक्षक र अभिभावकहरूको सहभागितामा गठन भएको समिति ।

– शिक्षक छनोट समिति : (ना.) विद्यालयमा शिक्षकको पद खाली रहेको अवस्थामा सो पदमा अस्थायी शिक्षक नियुक्त गर्नका लागि विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, वि.नि., स्रोत व्यक्ति आदि रहेको समिति ।

- शिक्षक प्रशिक्षण कक्षा : (ना.) शिक्षकहरूलाई शिक्षण विधि सिकाउने ठाउँ; शिक्षकहरूका निम्तिको शिक्षालय ।

- शिक्षण संस्था : (ना.) छात्र छात्राहरूलाई व्यवस्थित रूपमा शिक्षा दिने वा पठनपाठन गराउने एक वा धेरै विद्यालय ।

- शिक्षा : (ना.) विद्यालय, महाविद्यालय आदिमा वा घरमा पनि नियमित रूपले अध्ययन गर्ने, गराउने वा पढाइको चाजोपाजो मिलाउने काम; ज्ञान दिने वा लिने काम विद्या ।

- शिक्षा निर्देशक : (ना.) शिक्षासम्बन्धी क्षेत्रीय स्तरका कार्यक्रमहरू सञ्चालन र आवश्यक समन्वय गर्न क्षेत्रीय शिक्षा निर्देशनालयमा रहने प्रमुख अधिकारी ।

- शिक्षा परीक्षक : (ना.) शिक्षासम्बन्धी कार्यक्रमहरूको लेखाजोखा, जाँच गर्ने व्यक्ति ।

- शिक्षाविद् : (ना.) शिक्षासम्बन्धी ज्ञाता, विद्वान् व्यक्ति ।

- शिक्षा विभाग : (ना.) शिक्षासम्बन्धी विषयमा आफ्ना मातहतको व्यवस्था मिलाउने वा रेखदेख गर्ने सरकारी विभाग ।

- शिष्टाचार : (ना.) आगन्तुकहरूप्रति अँगालिने मान मर्यादासहितको राम्रो व्यवहार आतिथ्य; सत्कार । शिष्ट वा सभ्य मानिसहरूको आचरण, सदाचार ।

- शैक्षिक गुठी : (ना.) शैक्षिक गुठी भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ (शि.ऐ., २०२८ : ०४) ।

- शैक्षिक गुणस्तर परीक्षण केन्द्र : (ना.) नेपालमा सञ्चालित विभिन्न शैक्षिक निकाय तथा विद्यालय स्तरबाट दिइने शैक्षिक सेवा प्रवाहमा प्रभावकारिता एवम् गुणस्तरीयताको परीक्षण गरी सुधारका लागि सुझाव दिन स्थापित केन्द्र (अधिकारी, २०७२ : १०५) ।

- शैक्षिक वातावरण : (वि.) शिक्षासँग सम्बन्धित वा शिक्षाका लागि उपयोगी हुने वातावरण ।
- स्रोत कक्षा : (ना.) स्रोत विद्यालयमा शिक्षकहरूको तालिम र अन्य कार्यक्रमहरूको सञ्चालन गर्न तोकिएको कक्षा ।
- स्रोत व्यक्ति : (ना.) आफ्नो विद्यालय समूहका विद्यालयहरूको शैक्षिक गतिविधिको मूल्याङ्कन गरी आवश्यक सल्लाह सुझाव दिन तोकिएको स्रोतकेन्द्र स्तरीय व्यक्ति ।

(स)

- संरक्षकत्व : (ना.) संरक्षक हुनाको भाव वा अवस्था ।
- संशोधन : (ना.) कुनै रचना वा लेखाइमा भएका अशुद्धिलाई राम्ररी शुद्ध पार्ने काम ।
- संस्थागत विद्यालय : (ना.) संस्थागत विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्दछ ( शि.ऐ., २०२८ : ०३) ।
- सगोल : (वि.) नछुट्टिई एक खलक वा परिवारमा मिलेर बसेको; भिन्न नभएको; भागबन्डा नभएको; धेरै जनाको हक लाग्ने ।
- सङ्गठित संस्था : (ना.) सुदृढ किसिमले एकत्रित गरिएको संस्था, निकाय ।
- सङ्घीय : (वि.) सङ्घ भएको, सङ्घसम्बन्धी । विभिन्न राज्य एउटै राष्ट्रमा आबद्ध भएको वा त्यस्तो शासन प्रणालीको (प्र.ने.श., २०६३ : ९६१) ।
- सचिवालय : (ना.) कुनै राज्य, प्रान्तीय सरकार वा ठूला ठूला सङ्घ संस्थाका सचिवहरूको प्रधान कार्यालय ।
- सजाय : (ना.) कुनै दोष वा अभियोग प्रमाणित भएपछि दिइने शारीरिक वा आर्थिक दण्ड, जरिवाना ।

- सञ्चय कोष : (ना.) सरकारी तथा विभिन्न संस्थान, निगम आदिका स्थायी कर्मचारीहरूको भविष्यको व्यवस्थाका निम्ति सेवाको अवधि समाप्तिपछि मात्र झिकिने शर्तमा मासिक वेतनबाट प्रतिशतका हिसाबमा काटिने र थपिने रकम जम्मा गरिएको तथा नियमानुसार व्याजसहित वृद्धि हुँदै जाने धन ।
- सदस्य : (ना.) कुनै सङ्घ संस्था, सभा आदिमा नियमानुसार अधिकारपूर्ण रूपमा रहेको व्यक्ति ; सभासद ।
- सदस्य सचिव : (ना.) कुनै सङ्घ संस्था, सभा, समितिमा समितिले पारित गरेका र अन्य कार्यको संयोजन र निर्णय गराउने एक प्रमुख पद ।
- सदाचार : (ना.) शास्त्रले बताएअनुसारको वा व्यवहारमा गर्नुपर्ने राम्रो आचरण ।
- सन्दर्भ सामग्री : (ना.) सन्दर्भका रूपमा प्रयुक्त पुस्तक, पत्रपत्रिका आदि साधन ।
- सफाइ : (ना.) कुनै अपराधीलाई लागेको खतबाट, मुद्दा आदिको निर्णय भई दोष वा अभियोग मेटिएर हुने छुटकारा; निर्दोष साबित हुने काम ।
- समकक्षता : (वि.) समान कक्ष वा बराबरी दर्जाको ।
- समाजसेवी : (वि.) समाजको सेवामा निरन्तर लागिरहने, चिन्तनशील, प्रतिष्ठित व्यक्ति ।
- समावेशी शिक्षा : (ना.) दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिका र सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई नियमित रूपमा विभेदरहित वातावरणमा दिइने शिक्षा (शि.ऐ., २०२८ : ०२) ।
- समिति : (ना.) कुनै विशेष काम कुराका निम्ति गठन गरिएको सानो मण्डल ।
- सम्बन्धन : (ना.) सम्बन्ध हुने वा रहने काम; मान्यता प्राप्ति ।
- सम्मति : (ना.) सम्मत हुनाको भाव; एउटै मत हुने क्रिया; सहमति; ऐकमत्य ।

– सरुवा : (वि.) सरकारी अड्डाखाना वा अन्य संस्थान आदिका कर्मचारीहरू एक मन्त्रालय, विभाग वा कार्यालयबाट अर्को मन्त्रालय, विभाग वा कार्यालयमा सर्ने काम ।

– सर्वसामान्यता : (वि.) उपस्थित वा सम्बन्धित सबै व्यक्तिहरूको सहमति वा स्वीकृति भएको; सबैको सम्मति पाएको; सबैले मानेको ।

– सह–शिक्षा : (ना.) विद्यालय, महाविद्यालय आदि शैक्षिक संस्थाहरूमा बालबालिका र युवा युवतीहरूमा भेदभाव नराखी समान रूपले दिइने शिक्षा ।

– सहसचिव : (ना.) निजामती सेवामा राजपत्रांकित प्रथम श्रेणीको कर्मचारी; सचिवभन्दा एक श्रेणीमुनिको सचिवको सहयोगी कर्मचारी ।

– साङ्केतिक भाषा : (ना.) खासगरी बहिराहरूले अङ्ग सञ्चालनद्वारा प्रयोग गर्ने भाषा । हात, मुख, आँखा आदिको इसारा; अङ्ग सञ्चालनका अन्य प्रक्रियाद्वारा भाव व्यक्त गरिने शैली वा पद्धति; सान भाषा ।

– साझेदारी : (ना.) केही व्यक्ति मिलेर लगानीको अनुपातमा समान रूपले नाफा नोक्सान बेहोर्ने गरी चलाइएको वा सुरु गरिएको कारोबार ।

– सामुदायिक विद्यालय : (ना.) नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ (शि.ऐ., २०२८ : ०२) ।

– सामुदायिक सिकाइ केन्द्र : (ना.) नेपाल सरकारले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिएको केन्द्र (शि.ऐ., २०२८ : २०) ।

– सार्वजनिक : (वि.) सबै जनाको उपयोगका लागि बनाएको; सबैलाई समान रूपले काम लाग्ने; सार्वजनीन ।

– सार्वजनिक बिदा : (ना.) सबै तहका वैतनिक र अवैतनिक कामदारहरूले समान रूपले उपभोग गर्न पाउने बिदा ।

– सार्वजनिक सम्पत्ति : (ना.) सबैको हक भोग वा सबैको हितका लागि लगानी गरिएको सरकारी सम्पत्ति, जायजेथा ।

– सिफारिस : (ना.) अरु कसैको कुनै कार्य सम्पादनका लागि कसैसँग गरिने अनुरोध; कसैको योग्यता वा कार्य क्षमताबारे लेखिएको पत्र; भनसुन ।

– स्थानीय निकाय : (ना.) प्रशासन आदिको स्थानीय आधारमा गरिएको विकेन्द्रीकृत संस्था, केन्द्रीय तहबाट प्रत्यायोजित अधिकार प्रयोग गर्ने स्वायत्त संस्था

– स्थानीय बुद्धिजीवी : (वि.) स्थानीय, समाजमा बौद्धिक काम गरेर जीविका चलाउने व्यक्ति ।

– स्थायी आवासीय अनुमति पत्र : (ना.) विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रूपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराइएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ (शि.ऐ., २०२८ : ०४) ।

– स्थायी शिक्षक : (वि.) पछिसम्म वा नियमले तोकेको समयसम्म तलबको निश्चित दरबन्दी भएको शिक्षक/स्थायी रूपमा नियुक्ति पाई सरकारी वैतनिक पाउने अध्यापक ।

– स्वशासित : (वि.) सम्बन्धित तहबाटै आफ्नो शासन व्यवस्था चलेको; स्वशासन भएको ।

– स्वीकृत दरबन्दी (वि.) सम्बन्धित कार्यालयमा स्वीकृति प्राप्त गरेको दरबन्दी ।

– स्वीकृति : (ना.) स्वीकार गर्ने भाव वा क्रिया । सकार्ने काम; अँगालाइ ।

(ह)

– हक : (ना.) न्याय वा इन्साफबाट पाइने सम्पत्ति वा अधिकारलाई हक भनिन्छ ।

– हाजिर : (ना.) कुनै नियत स्थानमा उपस्थित हुने काम; उपस्थिति । अगाडि रहेको रुजु ।

– हिनामिना : (ना.) समान वा सम्पत्तिको हानी नोक्सानी; क्षति; बिगार ।

## ४.३ शिक्षा ऐन, २०२८ मा प्रयुक्त पारिभाषिक शब्दावलीको विश्लेषण

शिक्षा ऐन, २०२८ मूलतः शिक्षा क्षेत्रसँग सम्बन्धित शैक्षिक कानुन हो । यसमा प्रयोग भएका करिब २७८ वटा पारिभाषिक शब्दावलीको अध्ययन गर्दा मूलतः शिक्षा क्षेत्रका र आंशिक रूपमा कानुनी, राजनीतिक, विज्ञान प्रविधि, सञ्चार आदि क्षेत्रमा प्रयोग हुने पारिभाषिक शब्दावलीहरूको प्रयोग भएको पाइयो । अध्ययन गरिएका ती शब्दावलीहरूलाई निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ :

### ४.३.१ पदीय एकाइका आधारमा

शिक्षा ऐन २०२८ मा प्रयोग भएका पारिभाषिक शब्दावलीहरूको अध्ययन गर्ने क्रममा २७८ वटा शब्दावलीहरू लिइएको छ । तिनलाई एकपदीय र बहुपदीय आधारमा बाँडेर सङ्ख्या र प्रतिशतसहित निम्नानुसार देखाउन सकिन्छ :

तालिका नं. २

पदीय एकाइका आधारमा वर्गीकरण

| पदीय एकाइ | शब्दावली सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकपदीय | १०७ | ३८.४९ |
| बहुपदीय | १७१ | ६१.५१ |
| जम्मा | २७८ | १०० |

माथिको तालिकाका आधारमा शिक्षा ऐन, २०२८ मा रहेका शब्दमध्ये २७८ वटा शब्दावलीको अध्ययन गर्दा एकपदीय र बहुपदीय पारिभाषिक शब्दावलीहरूको प्रयोग भएको पाइयो । जसमध्ये एकपदीय शब्दावली १०७ अर्थात् ३८.४९ प्रतिशत रहेको पाइयो भने बहुपदीय शब्दावली १७१ अर्थात् ६१.५१ प्रतिशत रहेको पाइयो । यस आधारमा हेर्दा शिक्षा ऐन, २०२८ मा प्रयोग भएका शब्दहरूमध्ये बहुपदीय शब्दावली केही मात्रामा बढी

र एकपदीय शब्दावली केही मात्रामा कम प्रयोग भएको पाइयो । समग्रमा औसतको नजिक दुवै प्रकारका शब्दावलीहरू रहेको पाइयो ।

### ४.३.२ कार्यका आधारमा

शब्दहरूले विभिन्न अवस्थामा आई कार्य गरिरहेका हुन्छन् । खासगरी व्याकरणका तहमा शब्दको प्रतिफलन वाक्यमा हुन्छ । अर्थात् वाक्यात्मक तहमा आएर शब्दहरूले आफ्नो कार्यव्यापार गर्दछ । नाम, सर्वनाम, विशेषण, क्रिया र अव्यय गरी पाँचवटा प्रकार्यात्मक तहमा शब्दको वर्गीकरण गरेको पाइन्छ ।

प्रस्तुत अध्ययनमा शिक्षा ऐन, २०२८ बाट २७८ वटा पारिभाषिक शब्दावली लिएर अध्ययन गरिएको छ । ती शब्दहरूलई कार्यका आधारमा छुट्याई सङ्ख्या र प्रतिशतका आधारमा तालिकामा यसरी प्रस्तुत गर्न सकिन्छ :

तालिका नं. ३

कार्यका आधारमा वर्गीकरण

| पदवर्ग | शब्दावली सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नाम | २२८ | ८२.०१ |
| विशेषण | ५० | १७.९९ |
| जम्मा | २७८ | १०० |

माथिको तालिकाका आधारमा अध्ययनीय रूपमा रहेका २७८ वटा शब्दावलीमध्ये कार्यका आधारमा नाम २२८ अर्थात् ८२.०१ प्रतिशत रहेको पाइयो भने विशेषण ५० अर्थात् १७.९९ प्रतिशत रहेको पाइयो । यसरी हेर्दा शिक्षा ऐन, २०२८ मा नाम पदका शब्दावलीको बाहुल्यता रहेको पाइयो भने विशेषण पदका शब्दावली भने न्यून मात्रामा प्रयोग भएको पाइयो ।

### ४.३.३ अक्षर संरचनाका आधारमा

उच्चारण अवयवद्वारा उच्चारण गर्दा सासको एक झोक्कामा उच्चरित भाषिक एकाइलाई अक्षर भनिन्छ (राई, २०७१ : ८०) । अर्थात् उच्चारण गर्दा एउटा अक्षरका

लागि एक झोक्का सास चाहिने हुन्छ ; जस्तै : नेपाल = ने. पाल = दुई अक्षर हुन्छ । रूपभन्दा सानो र ध्वनिभन्दा ठूलो भाषिक एकाइ अक्षर हो । यसर्थ प्रस्तुत अध्ययनमा २७८ वटा पारिभाषिक शब्दावलीलाई अध्ययन गर्दा ती शब्दावली कति कति अक्षर संरचनाले युक्त छन् भनी अध्ययन गरियो । जसअनुसार अक्षर संरचनाका हिसाबले शिक्षा ऐन, २०२८ मा प्रयुक्त पारिभाषिक शब्दावलीको स्थिति निम्नानुसार प्रस्तुत गरिन्छ :

तालिका नं. ४

**अक्षर संरचनाका आधारमा वर्गीकरण**

| अक्षर संरचना | शब्दावली सङ्ख्या | प्रतिशत |
|---|---|---|
| एकाक्षरी | ७ | २.५२ |
| दुई अक्षरी | ४६ | १६.५५ |
| तीन अक्षरी | ७३ | २६.२६ |
| चार अक्षरी | ५५ | १९.७८ |
| पाँच अक्षरी | ३६ | १२.९५ |
| छ अक्षरी | २९ | १०.४३ |
| सात अक्षरी | १६ | ५.७६ |
| सातभन्दा माथि अक्षरी | १८ | ६.४७ |
| जम्मा | २७८ | १०० |

माथिको तालिकाअनुसार एकाक्षरी पारिभाषिक शब्दावली ७ वटा अर्थात् २.५२ प्रतिशत, दुई अक्षरी ४६ वटा अर्थात् १६.५५ प्रतिशत, तीन अक्षरी ७३ वटा अर्थात् २६.६६ प्रतिशत, चार अक्षरी ५५ वटा अर्थात् १९.७८ प्रतिशत, पाँच अक्षरी ३६ वटा अर्थात् १२.९५ प्रतिशत, छ अक्षरी २९ वटा अर्थात् १०.४३ प्रतिशत, सात अक्षरी १६ वटा अर्थात् ५.७६ प्रतिशत र सातभन्दा बढी अक्षर भएका १८ वटा अर्थात् ६.४७ प्रतिशत शब्दावली रहेको पाइयो ।

यस तथ्याङ्कलाई अध्ययन गर्दा शिक्षा ऐन, २०२८ मा सबैभन्दा बढी तीन अक्षरी संरचना भएका शब्दावलीको प्रयोग पाइयो भने त्यसपछि क्रमशः चार अक्षरी, दुई अक्षरी, पाँच अक्षरी, छ अक्षरी, सातभन्दा अक्षरी, सात अक्षरी भएका शब्दावलीको प्रयोग भएको पाइयो । सबैभन्दा कम एकाक्षरी संरचना भएका शब्दावलीको प्रयोग भएको पाइयो ।

## ४.४ शिक्षा ऐन, २०२८ को परिचय

शिक्षा ऐन, २०२८ तत्कालीन पञ्चायती व्यवस्थामा बनेको शिक्षासम्बन्धी विस्तृत, व्यापक र प्रभावकारी कानुन हो । यो श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले वि.सं. २०२८/०५/२४ गतेका दिन लालमोहर लगाई प्रकाशन गरेको हो । ऐन नं. ८ अन्तर्गत बनेको यो ऐन वि.सं. २०२८/०७/१५ गते चितवन र कास्की जिल्लाबाट लागू भई क्रमशः पाँच चरणमा २+१३+१६+२०+२४ जिल्लामा लागू गरियो । हालसम्म देशको आवश्यकता र शासन व्यवस्थाअनुकूल गर्न नौ पटक संशोधन (२०७४/०७/०६) भई कार्यान्वयनमा छ । यसमा २१ वटा दफाहरू रहेका छन् ।

## अध्याय पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

भाषालाई माानवीय उच्चारण अवयवद्वारा उच्चरित सार्थक ध्वनिहरूको समूह मानिन्छ । संसारमा करिब ६००० भाषाहरू रहेकामा सबै भाषाहरू आफैँमा पृथक छन् । जसमध्येको नेपाली भाषा पनि भारोपेली भाषा परिवारअन्तर्गत प्राचीन आर्य इरानेली शाखाबाट विकसित हुँदै आधुनिक नेपाली भाषासम्म आइपुगेको छ । आफैँमा पृथक र स्वतन्त्र भाषाका रूपमा नेपाली भाषाको माउ भाषा संस्कृतलाई मानिन्छ । देवनागरी लिपिमा लेखिने नेपाली भाषामा संस्कृत भाषाका धेरै शब्दहरू भेट्न सकिन्छ । यस परिप्रेक्ष्यमा नेपाली भाषामा विभिन्न किसिमका शब्दावलीहरू रहेका पाइन्छन् । जसमध्ये पारिभाषिक शब्दावली पनि प्रमुख भेदन गर्न सकिन्छ । व्युत्पत्तिगत आधारमा प्राविकि र पारिभाषिक शब्दावलीलाई फरक फरक माने पनि प्रयोगगत अर्थमा भने समानता पाइन्छ ।

अध्याय एकमा शोधपरिचय मूल शीर्षक राखिएको छ । यसअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययको उद्देश्य, अध्ययनको सान्दर्भिकता र उपादेयता, शोधको परिसीमा र शोधकार्यको रूपरेखा प्रस्तुत गरिएको छ ।

अध्याय दुईको शीर्षक पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा रहेको छ । यसअन्तर्गत पूर्वकार्यको पुनरावलोकन खण्डमा पुस्तकसम्बद्ध पुनरावलोकन र शोधसम्बद्ध पुनरावलोकन गरिएको छ । सैद्धान्तिक अवधारणा खण्डमा पारिभाषिक शब्दावलीको परिचय र परिभाषा, पारिभाषिक शब्दावलीको वर्गीकरण र पारिभाषिक शब्दावलीका विशेषता लगायतका उपशीर्षक तयार गरी वर्णन गरिएको छ । त्यस्तै यस अध्यायको अन्तिम उपशीर्षकमा शिक्षा ऐनको पृष्ठभूमि र यसको भाषाका बारेमा उल्लेख गरिएको छ ।

अध्याय तीनको शीर्षक शोधविधि र अध्ययन प्रक्रिया रहेको छ । यसअन्तर्गत शोधविधि, तथ्याङ्क सङ्कलन, प्राथमिक सामग्री, द्वितीयक सामग्री, सामग्रीको सत्यापन र अध्ययन प्रक्रिया समेत खुलाइएको छ ।

अध्याय चारमा व्याख्या तथा विश्लेषण शीर्षक चयन गरिएको छ । यसअन्तर्गत शिक्षा ऐन, २०२८ मा प्रयुक्त पारिभाषिक शब्दावलीको वर्णानुक्रम सूची, शिक्षा ऐन, २०२८ मा प्रयुक्त पारिभाषिक शब्दावलीको अर्थ र परिभाषा उपशीर्षक रहेका छन् । त्यस्तै व्याख्या तथा विश्लेषणमा पदीय एकाइका आधारमा, कार्यका आधारमा र अक्षर संरचनाका आधारमा विश्लेषण गरिएको छ । त्यस्तै प्रस्तुत अध्ययनको अन्तिम उपशीर्षकमा शिक्षा ऐन, २०२८ को परिचय प्रस्तुत गरिएको छ ।

अध्याय पाँचको शीर्षक सारांश, निष्कर्ष र उपयोगिता रहेको छ । यसअन्तर्गत अध्ययनको सारांश, निष्कर्ष, उपयोगिता र भावी अनुसन्धानका क्षेत्रहरू प्रस्तुत गरिएको छ । अन्तिममा प्रस्तुत शोधकार्य गर्दा उपयोग गरिएका सन्दर्भसामग्री प्रस्तुत गरी व्यक्तिवृत्त समेत उल्लेख गरिएको छ ।

प्रस्तुत अध्ययन शिक्षा ऐन, २०२८ मा प्रयुक्त पारिभाषिक शब्दावली अध्ययन रहेको छ । जसमा ऐनको दफा १–२१ सम्मका मुख्य मुख्य २७८ वटा पारिभाषिक शब्दावलीहरू छनोट गरी तिनको उचित वर्णानुक्रम मिलान गरी तिनको सन्दर्भगत अर्थ र परिभाषा प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनमा ती शब्दावलीहरूको विभिन्न आधारहरूमा व्याख्या, विश्लेषण र वर्गीकरण गरी निष्कर्षमा पुगिएको छ ।

## ५.२ निष्कर्ष

प्रस्तुत अध्ययन 'शिक्षा ऐन, २०२८ मा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन' शीर्षकमा केन्द्रित रहेको छ । अध्ययनको मुख्य उद्देश्य शिक्षा ऐनमा प्रयुक्त पारिभाषिक शब्दावलीको सङ्कलन गर्नु र तिनलाई वर्णानुक्रममा राखेर अर्थ तथा परिभाषा प्रस्तुत गर्नु रहेको छ । अध्ययनका क्रममा ऐनको दफा एकदेखि दफा एक्काइससम्मका मुख्य मुख्य २७८ वटा पारिभाषिक शब्दावलीलाई नमुनाका रूपमा लिई तथ्याङ्क सङ्कलन गरिएको छ । सङ्कलित तथ्याङ्कको व्याख्या तथा विश्लेषण गर्न वर्णनात्मक,

विश्लेषणात्मक तथा व्याख्यात्मक विधिको प्रयोग गरी मूल्याङ्कनपश्चात् प्राप्त नतिजालाई बुँदागत तथा तालिकाबद्ध रूपमा पनि प्रस्तुत गरिएको छ । यस अध्ययन विश्लेषणबाट निम्न निष्कर्ष निकालिएको छ :

- शिक्षा ऐन, २०२८ मा प्रशस्त मात्रामा पारिभाषिक शब्दावलीहरू रहेको पाइयो । यस्ता शब्दावलीहरूमा क्षेत्रगत विशिष्टताका आधारमा हेर्दा सबैभन्दा बढी शिक्षा क्षेत्रका पाइयो भने त्यसपछि कानुन, राजनीति, विज्ञान, प्रविधि आदि क्षेत्रका शब्दावलीहरू पनि रहेको पाइयो ।
- पारिभाषिक शब्दावलीहरू सङ्क्षिप्त हुनुपर्ने मान्यता भए पनि यस अध्ययनमा बहुपदीय शब्दहरू केही मात्रामा बढी पाइयो । २७८ वटा शब्दमध्ये १७१ वटा अर्थात् ६१.५१ प्रतिशत शब्दहरू बहुपदीय र १०७ अर्थात् ३८.४९ प्रतिशत शब्दहरू एकपदीय रहेको पाइयो ।
- कार्यगत स्थितिका आधारमा विश्लेषण गर्दा नाम वर्गका २२८ शब्द र विशेषण वर्गका ५० शब्दहरू अर्थात् नाम शब्द ८२.०१ प्रतिशत र विशेषण शब्द १७.९९ प्रतिशत रहेको पाइयो ।
- अक्षर संरचनाका आधारमा हेर्दा पारिभाषिक शब्दावली सङ्क्षिप्त हुनुपर्ने मान्यताअनुरूप सबैभन्दा बढी शब्दावली तीन अक्षरी (७३ वटा वा २६.२६ प्रतिशत) पाइयो भने लामा संरचना भएका पाँच, छ र सात अक्षरी शब्दको प्रयोग न्यून रूपमा भएको पाइयो । सबैभन्दा कम एकाक्षरी संरचना भएका शब्दावली (७ वटा वा २.५२ प्रतिशत) को प्रयोग भएको पाइयो ।
- ऐन जस्तो विषय सबैले बुझ्ने खालको बनाउनुपर्ने हुँदा यसमा खासै ख्याल गरिएको पाइएन । अलि अलि यसको प्रयास स्वरूप दफा दुईमा परिभाषा शीर्षकमा केही पारिभाषिक शब्दावलीहरूको परिभाषा त दिइएको छ तर पर्याप्त छैन ।

- सबै पक्षलाई समेट्नुपर्ने भएका कारण र भाषिक बोधगम्यताका लागि शिक्षा ऐन पारिभाषिक शब्दकोश निर्माण गर्नु आवश्यक देखियो ।
- शिक्षा ऐन, २०२८ मा प्रयाप्त मात्रामा पारिभाषिक शब्दावलीहरू रहेको पाइयो ।

## ५.३ अध्ययनको उपयोगिता

प्रस्तुत अध्ययनमा शिक्षा ऐन, २०२८ मा प्रयुक्त पारिभाषिक शब्दावलीको सङ्कलन गरी तिनको अर्थ तथा परिभाषा दिने प्रयास गएिको छ । यस कार्यले अध्येता स्वयम्लाई पनि प्रशस्त ज्ञान भएको महसुश गरिएको छ । शिक्षा क्षेत्रमा सरोकार राख्ने सम्पूर्ण पाठक तथा अध्ययनकर्ताहरूलाई अप्ठ्यारा वा दुरुह लागेका शब्दावलीको अर्थ प्राप्त गर्न उपयोगी हुने छ । समग्रमा यस अध्ययनका उपयोगिताहरूलाई निम्नानुसार बुँदावद्ध गर्न सकिन्छ :

- शिक्षा क्षेत्रका सरोकारवालाहरूलाई शिक्षा ऐनमा प्रयुक्त दुरुह लाग्ने शब्दावलीको अर्थबोध गर्न सहयोग पुग्नेछ ।
- पारिभाषिक शब्दकोश निर्माणकर्ता र पाठकवर्गलाई उपयोगी हुने छ ।
- आमनागरिकहरूलाई पनि शिक्षा ऐनको दुर्बोध्यता हटाउन उपयोगी हुने देखिन्छ ।
- पारिभाषिक शब्दकोश निर्माण गर्ने नीति बनाउन उपयोगी देखिन्छ ।
- भाषानीति र योजना निर्माण गर्न उपयोगी देखिन्छ ।
- नेपाली भाषामा शब्दभण्डारको क्षमता अभिवृद्धि गर्न सहयोग पुग्नेछ ।
- शुद्ध शब्दलेखन, पठन तथा शुद्ध नेपाली भाषाको अर्थबोध गर्न उपयोगी बन्नेछ ।
- शिक्षा ऐन जस्तो विषयलाई सकेसम्म सर्वबोध्य बनाउने नीति अवलम्बन गर्न उपयोगी देखिन्छ ।

- सामान्य व्यवहारको भाषा र ऐन नियमावलीको भाषाबीचको अन्तर पहिल्याउन सहयोगी देखिन्छ ।
- भावी अनुसन्धाताले प्रयोग गर्न पनि उपयोगी ठहरिन्छ ।

## ५.४ भावी अनुसन्धानका शीर्षकहरू

(क) शिक्षा निमायवली (२०५९) मा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन,

(ख) शिक्षक सेवा आयोग नियमावली (२०५७) मा समाविष्ट पारिभाषिक शब्दावलीको अध्ययन ।

(ग) निजामति सेवा ऐन (२०४९) मा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन ।

(घ) राजनीति क्षेत्रमा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन ।

(ङ) नेपालको संविधान (२०७२) मा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन ।

(च) कृषिको क्षेत्रमा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन ।

(छ) विज्ञापनको क्षेत्रमा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन ।

# सन्दर्भसामग्री सूची


अधिकारी, विष्णुप्रसाद (२०७२), *माध्यमिक तह अध्यापन अनुमतिपत्र परीक्षा दर्पण,* काठमाडौँ : आशिष बुक्स हाउस प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज र भट्टराई, बद्रीविशाल (२०६३), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौँ : विद्यार्थी प्रकाशन ।

खड्का, हरिबहादुर (२०७०), 'नेपाली आख्यानको क्षेत्रमा प्रचलित पारिभाषिक शब्दावलीको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

जोशी, धनदेव (२०७३), 'विविसी नेपाली सेवाको साप्ताहिक कार्यक्रम साझा सवालमा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

दाहाल, दुर्गाप्रसाद र निरौला, कृष्णप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

धिताल, भोजराज (२०६८), 'नेपाली दैनिक समाचारपत्रमा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

निउरे, ध्रुवप्रसाद (२०७१), *पाठ्यक्रम अभ्यास,* काठमाडौँ : क्वेस्ट पब्लिकेसन प्रा.लि. ।

पराजुली, कृष्णप्रसाद (२०५१), *राम्रो रचना मीठो नेपाली,* काठमाडौँ : सहयोगी प्रेस ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा. २०७०), *नेपाली बृहत् शब्दकोश,* नवौँ संसोधन, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, हरिहर (२०७२), *सङ्घीय सात प्रदेश नेपालको संविधान,* काठमाडौँ : ब्रदर बुक्स प्रकाशन प्रा.लि. ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

बन्धु, चूडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, रामप्रसाद (२०७३ परि.), *भाषिक अनुसन्धान विधि, परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : पिनाकल पब्लिकेसन प्रा.लि. ।

भुसाल, केशव (२०६५), 'भाषा शिक्षणमा प्रचलित पारिभाषिक शब्दावलीको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भुसाल, केशव (२०६६), *पारिभाषिक शब्दकोश,* काठमाडौँ : सनलाइट पब्लिकेसन प्रा.लि.।

राई, मनकुमार (२०७१), 'नेपालको अन्तरिम संविधान २०६३ मा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लम्साल, रामचन्द्र (२०५७), *कोशविज्ञान र नेपाली कोश,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र अन्य (२०६६ परि.), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०७०), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०७४), *अनुसन्धानमा औचित्य/महत्त्व र सान्दर्भिकताको अनिवार्यता सङ्क्षिप्त चर्चा,* त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विषयको विभागीय शोधपत्रलेखनसम्बन्धी अभिमुखीकरण कार्यक्रममा प्रस्तुत कार्यपत्र ।

शर्मा, मोहनराज (२०५३), *शब्दरचना र वर्णविन्यास,* काठमाडौँ : नवीन प्रकाशन ।

शर्मा, मोहनराज (२०७१), *प्रज्ञा नेपाली सन्दर्भ व्याकरण,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

*शिक्षा ऐन* (२०२८), संशोधनसहित, काठमाडौँ : मकालु बुक्स एन्ड स्टेशनर्स ।

सापकोटा, कृष्णप्रसाद (२०६४), 'प्रवीणता प्रमाणपत्र तहको अनिवार्य नेपाली पाठ्यक्रम र पाठ्यपुस्तकमा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन', *शिक्षा स्नातकोत्तर शोधपत्र,* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।